# रातो खबर
Ratokhabar weekly
साप्ताहिक

वर्ष ४, अङ्क ३६, पूर्णाङ्क १८२ | २०७५ फागुन २२ गते बुधबार | Wednesday, 6 March 2019 | www.eratokhabar.com | मूल्य रु. १०


## किसान महासङ्घका संयोजक कार्की गिरफ्तार



**काठमाडौँ** : अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी)का केन्द्रीय संयोजक राजु कार्कीलाई प्रहरीले गिरफ्तार गरेको छ। कार्कीलाई मंगलबार दिउँसो काठमाडौँमा रहेको उनकै कोठाबाट सादा र बर्दीधारी प्रहरीले गिरफ्तार गरेको जानकारी पारिवारिक स्रोतले दिएको छ। उनलाई बिनाकारण प्रहरीले अपहरणशैलीमा गिरफ्तार गरी वेपत्ता पारेको अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी)ले जनाएको छ।

# नेकपाले देशैभरि सहिद सप्ताह मनायो

## सहिदको सपना पूरा गर्न प्रतिबद्ध छौँ : विप्लव

■ **अम्बिका चन्द** /काठमाडौँ

नेपालमा १० वर्षसम्म चलेको जनयुद्ध र न्यायपूर्ण आन्दोलनहरूमा जीवन उत्सर्ग गर्नेहरूको स्मरणमा नेपाल कम्युनिस्ट पार्टीले फागुन १४ गतेदेखि २१ गतेसम्म सहिद सप्ताह मनाएको छ। सहिद सप्ताहको अवसर पारेर नेकपाका नेता-कार्यकर्ताहरूले देशैभर सहिद तथा बेपत्ता योद्धाहरूलाई सम्मान गरेका छन् । उनीहरुले सहिद परिवारहरूको अवस्था बुझ्ने र पार्टीका तर्फबाट सक्दो सहयोग गर्ने वचन दिएका समाचारहरु प्राप्त भएका छन् । यो अवधिमा देशैभर सहिद तथा बेपत्ता योद्धाका आफन्तहरूको सम्मानमा विभिन्न कार्यक्रमहरू गरिएका छन् ।

२०५२ साल फागुन १ गते तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले सशस्त्र जनयुद्धको उद्घोष गरेको १४ दिनमा गोरखामा प्रहरीद्वारा १४ वर्षीय बालक दिलबहादुर रम्तेलको हत्या गरिएको दिनदेखि कम्युनिस्ट आन्दोलनको इतिहासमा चर्चित झापा विद्रोहका क्रममा सुखानीको जङ्गलमा ५ जनाको हत्या गरिएको दिन फागुन २१ गतेसम्मको एक साताको अवधिलाई नेकपाले सहिद सप्ताहका रूपमा मनाउँदै आएको छ। झापा विद्रोहका क्रममा २०२९ साल फागुन २१ गते पञ्चायती सरकारले रामनाथ दाहाल, कृष्ण कुँइकेल, नेत्र घिमिरे, वीरेन



राजवंशी र नारायण श्रेष्ठको हत्या गरेको थियो । उनीहरूलाई अड्डासारका नाममा सुखानीको जङ्गलमा लगी गोली हानी हत्या गरिएको थियो।

जनयुद्ध सुरु भएपछि दिलबहादुर रम्तेलदेखि लिएर अहिलेसम्म सहिदको सङ्ख्या १० हजारको हाराहारीमा रहेको छ । तिनै सहिदहरूको स्मरणमा तत्कालीन नेकपा (माओवादी) को २०५५ सालमा बसेको चौथो विस्तारित बैठकबाट सहिद सप्ताह मनाउने निर्णय भएको थियो।

दस वर्षसम्म चलेको जनयुद्धको अवधिमा नेकपाका नेता-कार्यकर्ता, जनमुक्ति सेनाका योद्धा र सर्वसाधारण गरी १० हजारभन्दा बढीले सहादत प्राप्त गरेका थिए भने युद्धमा करिब ७ हजारको सङ्ख्यामा सेना-प्रहरी मारिएका थिए । जनयुद्धमा तत्कालीन माओवादीका नेता सुरेश वाग्ले वासु, रामवृक्ष यादव माड्साप, कृष्ण सेन 'इच्छुक', किमबहादुर थापा सुनिल, शेरमान कुँवर, कुमार, किमबहादुर थापा सुनील, नेपबहादुर खड्का परिवर्तन, रीतबहादुर खड्कालगायत नेता-कार्यकर्ताले सहादत प्राप्त गरेका थिए। अहिले पनि धेरै नेता-कार्यकर्ता बेपत्ता छन् र उनीहरूको अवस्था अज्ञात छ।

तत्कालीन झापा विद्रोहका एक व्यक्ति केपी शर्मा ओली र तत्कालीन जनयुद्धका कमान्डर प्रचण्ड-बाबुरामहरू क्रान्तिको बाटो छोडी संसदीय राजनीतिमा प्रवेश गरेर संशोधनवादको दलदलमा कहिल्यै नउम्कने गरी फसिसकेका छन् । तर पनि जनयुद्धका उपलब्धिहरूलाई संस्थागत गर्दै नयाँ शिराबाट क्रान्तिको प्रक्रियालाई अगाडि बढाउनको लागि जनयुद्ध लडेकै एउटा ठूलो शक्तिले क्रान्तिको प्रक्रिया जारी राखेको छ। उक्त नयाँ प्रक्रियाको नेतृत्व गरिरहेका नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले जनयुद्ध दिवसका अवसरमा सहिदहरूलाई स्मरण गर्दै रातो खबरसँगको अन्तर्वार्तामा भनेका छन्, 'जनयुद्ध दिवससँग जोडिएको हाम्रो भावपूर्ण र संवेदनापूर्ण उत्सवमा हामी सहिद सप्ताह भनेर एक साता मनाउँछौँ । दिलबहादुर रम्तेल सहिद भएको मिति फागुन १४ बाट झापा विद्रोहका योद्धा कृष्ण

बाँकी पृष्ठ ७ मा

## प्रचण्ड र वैद्य छोडेर विप्लवतिर

### सिन्धुलीमा क्रान्तिकारी ध्रुवीकरण तीव्र

■ **रातो खबर संवाददाता**/सिन्धुली



जिल्लामा क्रान्तिकारी ध्रुवीकरण तीव्र भएको छ । फागुन ८ गते भालुभन्ज्याङ १ मा पार्टी ध्रुवीकरण तथा पूर्णकालीन कार्यकर्ता घोसणा कार्यक्रम सम्पन्न भएको छ । मोहन वैद्यले नेतृत्व गरेको नेकपा (क्रान्तिकारी माओवादी) का जिल्ला सदस्य तथा गोलन्जर इलाका अध्यक्ष मुक्ति पहाडी, सोही पार्टीको युवा सङ्गठनका संयोजक तथा जिल्ला समिति सदस्य राजीव सुनुवार, प्रचण्ड समूहका गोलन्जर गापा ( साबिक डुँडभन्ज्याङ) वाईसीएल अध्यक्ष उदय अछामी, नेकपा ( क्रामा) गोलन्जर गापा १ का युवा सङ्गठनका संयोजक कृष्ण श्रेष्ठ, प्रचण्ड समूहका दुधौली नपा सदस्य भरत खड्का विप्लव नेतृत्वको ने.क.पा. मा प्रवेश गरेका छन।

... बाँकी पृष्ठ ७ मा

## सरकारी दमनको सशक्त प्रतिकार गर्छौं : सुदर्शन

■ **रातो खबर संवाददाता**/काठमाडौँ

नेपाल कम्युनिस्ट पार्टीका स्थायी समिति सदस्य तथा मध्यकेन्द्रीय कमान्ड इन्चार्ज सुदर्शनले आफ्नो पार्टीले देशैभरि चलाइरहेको सङ्गठन सुदृढ र विस्तार गर्ने राजनीतिक अभियानमा प्रहरीले हस्तक्षेप गरेको भन्दै दमनको सशक्त प्रतिरोध गर्ने चेतावनी दिएका छन् । इन्चार्ज सुदर्शनले सोमबार प्रेसविज्ञप्ति जारी गर्दै राजनीतिक अभियानमा खटिरहेका आफ्नो पार्टीका नेता-कार्यकर्ताहरूलाई बिनाकारण राजनीतिक आस्थाकै आधारमा गिरफ्तार गर्ने, धरपकड गर्ने गरेमा आफ्नो पार्टीले सशक्त प्रतिरोध गर्ने भन्दै त्यसबाट उत्पन्न परिणामको जिम्मेवार सरकार नै हुनुपर्ने चेतावनी दिएका छन् । आफ्नो पार्टीका नेता-कार्यकर्तालाई ठाउँठाउँबाट पक्राउ गरेपछि सुदर्शनले यस्तो बताएका हुन् ।

यसैबीच सङ्गठन सुदृढीकरण तथा विस्तार



अभियान २ मा रहेको नेकपाको अभियान टोलीलाई प्रहरीले सिन्धुपाल्चोकबाट गिरफ्तार गरेको छ। राजनीतिक अभियान लिएर गाउँगाउँ पुगेका नेकपाका १७ जना नेता-कार्यकर्तालाई प्रहरीले सिन्धुपाल्चोकको चौतारा साँगाचोकगढी नगरपालिकाको कार्कीटारबाट गिरफ्तार गरेको हो । अभियान टोली बसेको स्थानलाई घेरा हाली शुक्रबार राती गिरफ्तार गरिएको नेकपाले जनाएको छ। राजनीतिक अभियानमा हिँडिरहेको अभियान टोलीलाई पक्राउ गर्नुको कारण केही नभए पनि माथिको आदेश भएको कारण पक्राउ गर्नुपरेको प्रहरीले जनाएको छ । पक्राउ पर्नेमा नेकपाका जिल्ला सदस्य रञ्जित ठकुरी, धनबहादुर श्रेष्ठ, पूर्ण मल्ल ठकुरी, मेलम तामाङ, समीर तामाङलगायत छन् ।

राजनीतिक गतिविधिमा लागेका आफ्नो पार्टीका नेता-कार्यकर्ताहरूलाई पक्राउ गरेर सरकारले युद्ध चाहेको भन्दै नेकपाले गिरफ्तार गरिएका आफ्नो पार्टीका नेता-कार्यकर्ताहरूलाई बिनासर्त रिहाइको माग गरेको छ।

## प्रहरी अपरेसन र ज्यादती नरोकिए गृहयुद्ध भड्किन सक्छ : विरही

■ **रातो खबर संवाददाता**/

ओली-प्रचण्ड नेतृत्वको सरकारले १ नम्बर प्रदेशको कोसी क्षेत्रका पहाडी क्षेत्रहरूमा व्यापक अपरेसन चलाइरहेको छ। केन्द्र र प्रदेश सरकारको प्रत्यक्ष नेतृत्वमा अपरेसन भइरहेको र जिल्लाको जनपद प्रहरीलाई सूचनासमेत नगरी अपरेसन भइरहेको जानकारी नाम उल्लेख नगर्ने सर्तमा तेह्रथुमका एक प्रहरी अधिकारीले दिएका छन् । उत्तरी मोरङ केराबारीका खोलागाउँ, रामपुर, सिंहदेवी गाउँहरूमा खानतलासी, घरघरमा तोडफोड गरिरहेको छ। तेह्रथुम सदरमुकाम म्याङ्लुङ गएको सशस्त्र प्रहरीको टोली छथर गाउँपालिका, ओखेको विद्यालयमा १ सातादेखि शिविर बनाएर बसेको कारण विद्यार्थीको अध्ययन-अध्यापन रोकिएको गुनासो स्थानीयले गरेका छन् । ओखेमा रहेको सशस्त्र प्रहरीले फागुन १४ गते सोही गाउँबाट



पहल राउतलाई गिरफ्तार गरेको थियो । उनी सामना परिवारका कलाकार हुन् ।

फागुन १५ गते केराबारी प्रहरीले देवबहादुर लिम्बू 'सङ्गीत' लाई

... बाँकी पृष्ठ ७ मा

## मानवअधिकारसम्बन्धी विशेष गोष्ठी



■ **रातो खबर संवाददाता**/काठमाडौँ

जनअधिकार अभियान नेपालले 'सुशासन र मानवअधिकार' विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। काठमाडौँको प्रज्ञा पुस्तकालय भवनमा शुक्रबार उक्त कार्यक्रम सम्पन्न भएको हो।

अन्तरक्रिया कार्यक्रममा अवधारणापत्र प्रस्तुत गर्दै जनअधिकार अभियान नेपालका अध्यक्ष एकराज भण्डारीले सुशासनको अर्थ बोक्ने महत्वपूर्ण अङ्ग भनेको सरकार भए पनि यतिखेर सरकार छ कि छैन भन्ने आभास भएको, जनताले

बाँकी पृष्ठ ७ मा

## सहिद दिवसका सन्दर्भमा

**देश/परिवेश**

■ विप्लव



सहिद सप्ताह जनयुद्ध, माओवादी र जनसत्ताको घोषणा हो । जसले महान् जनयुद्ध र एकीकृत जनक्रान्तिमा नयाँ जनवाद–वैज्ञानिक समाजवाद–साम्यवादको महान् आदर्श र लक्ष्यका लागि बलिदान गरे उनीहरूको गाथासँग यसको सम्बन्ध जोडिएको छ। पुँजीवादी सत्ताको अन्त्य हुँदै जाने क्रममा महान् सहिद तथा बेपत्ता योद्धाहरूको इतिहास अझै चम्किलो बन्दै जानेछ।

नयाँ, सत्य, सभ्यताको खोज यसै पनि चुनौतीपूर्ण हुन्छ । त्यसमा पनि मान्छेलाई बदल्ने, परिवारलाई बदल्ने, समाजलाई रूपान्तरण गर्ने कार्य असल हुँदाहुँदै पनि निकै चुनौतीपूर्ण हुन्छ। असल कामको सफलता र चुनौतीहरूलाई सामना गर्नका लागि मेहनत र बलिदानको आवश्यकता हुन्छ। सहादत र सहिद तथा बेपत्ता योद्धाहरू त्यसैका अभिव्यक्ति हुन् । मानवजातिले नयाँ सभ्यताको निर्माण जति गर्दै जानेछ त्यति नै महान् सहिद तथा बेपत्ता योद्धाहरूको इतिहास पनि चम्किँदै जानेछ।

नयाँ जनवाद–वैज्ञानिक समाजवाद–साम्यवाद आजसम्मको सबैभन्दा उत्कृष्ट व्यवस्था हुन् । सामान्यतः यस्तो असल व्यवस्थामा जान कसैले पनि विरोध र अवरोध नगर्नुपर्ने, सबै सहर्ष सहमत हुनुपर्ने हो भन्ने लाग्छ । तर पुँजीवादी व्यवस्थाका शासकहरू यसमा सहमत हुँदैनन् । उनीहरूले यसलाई रोक्न बल प्रयोग गर्छन् किनकि पुँजीपति वर्ग भनेको अरूको रगतपसिनामा बाँच्न रमाउने, अरूको जीवन चुसेर ऐसआराम गर्ने वर्ग हो । पुँजीवादको विचारमा म मुख्य हो, हामी होइन, मेरो र मलाई प्रमुख हो, हामीलाई मुख्य होइन। तर जति नै कोसिस गरे पनि प्राकृतिक नियम र कम्युनिस्टको पहलमा पुँजीवाद धर्तीबाट समाप्त भएर जानेछ र साम्यवादले त्यसको ठाउँ लिनेछ। साम्यवादका लागि बलिदान गर्ने महान् सहिदहरू चम्किँदै जानेछन् ।

नेपालमा यतिबेला महान् सहिदका विरुद्ध केही सहिद परिवारलाई, 'कम्युनिस्ट' लाई कम्युनिस्टका विरुद्ध, 'समाजवाद' लाई वैज्ञानिक समाजवादका विरुद्ध उभ्याइएको विडम्बनापूर्ण अवस्था छ। तर सहिदहरू पुँजीवाद–दलाल पुँजीवादका पक्षमा र वैज्ञानिक समाजवाद–साम्यवादका विरुद्ध कहिल्यै पनि प्रयोग हुनसक्ने छैनन्। सहिदहरू साम्यवादको सफलतासँगै इतिहास निर्माताका रूपमा सम्मानित हुनेछन्।

आज सहिद तथा बेपत्ता योद्धाहरूका सपनामाथि

... बाँकी पृष्ठ ४ मा

## सम्पादकीय

# किन हुन्छ दुर्घटना ?

गत फागुन १५ गते नेपाल सरकारका संस्कृति, पर्यटन तथा उड्डयनमन्त्री रवीन्द्र अधिकारीसहित ७ जनाको ज्यान जाने गरी ताप्लेजुङमा एयर डाइनेस्टिकको हेलिकोप्टर दुर्घटना भयो । त्यसको २ दिनपछि नै दार्चुलाको खलङ्गामा जिप दुर्घटना हुँदा १७ गते शुक्रबार राती ११ जनाको मृत्यु भएको थियो । गत मङ्सिर २८ गते नुवाकोटको तुप्चेश्वर गाउँपालिकामा मिनीट्रक दुर्घटना हुँदा १८ जनाको ज्यान गएको थियो ।

यी त प्रतिनिधिमूलक घटनाहरू मात्र भए । नेपालमा दिनदिनै हुने सडक दुर्घटनामा औसतमा ५ जनाको मृत्यु हुने गरेको छ । यति मात्र नभएर सोखका लागि उडान भर्ने गरिएका प्याराग्लाडिङ पनि दुर्घटना हुन थालेका छन् । पोखरामा प्याराग्लाइडिङ दुर्घटनामा गएको आइतबार एकजनाको मृत्यु भयो भने सोमबार एकजना घाइते भए । राजधानीजस्तो विकसित भनिएका स्थानहरूमा पनि दिनदिनै दुर्घटना भैराखेका छन् । यसरी नेपालको आकाश र जमिन दुवै यात्राहरू सुरक्षित रहेका छैनन् । यिनै कुरालाई आधार बनाएर अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन आईकाउले नेपाललाई हवाईयात्राका लागि कालोसूचीमा राखेको छ । युरोपियन युनियनले त अहिलेसम्म आफ्नो धारणामा फेरबदल गरेको छैन ।

अब प्रश्न उठ्छ- नेपालमा सबैखाले यात्राहरू किन सुरक्षित छैनन् भन्ने । सामान्य रूपमा हेर्दा यसको मुख्य कारण यहाँ बनेका सडकहरू व्यवस्थित र विकसित छैनन् । समयमा मर्मत गरिँदैन । निर्माण गर्दा नै मापदण्ड पूरा गरिँदैन । समयमा निर्माण पूरा गरिँदैन । स्तरीय निर्माण भएका छैनन् भन्ने गरिन्छ । निर्माणमा आएका समस्याका लागि सरकारले निर्माण व्यवसायीलाई दोष दिने गरेको छ भने निर्माण व्यवसायीहरूले सरकारलाई दोष लगाउने गरेका छन् ।

ठूलैखालका सडक दुर्घटना र हवाईदुर्घटनाहरूमा सरकारले छानबिन आयोग गठन गर्ने गरेको छ । २०३६ सालदेखि २०७५ साल फागुन १५ गतेसम्म ३३ वटा त हेलिकोप्टर मात्र दुर्घटना भएका छन् । उक्त दुर्घटनाहरूमा ७७ जनाको ज्यान गैसकेको छ । यी प्रत्येक दुर्घटनापछि बनेका आयोगहरूले एउटैखालका रिपोर्ट र सुझाव दिने गरेका छन् । तर ती सुझावहरू कहिल्यै लागू भएका छैनन् । त्यसैले बारम्बार पुरानै परिघटनाहरू दोहोरिने गरेका छन् ।

नेपालमा हुने गरेका हवाई र सडक दुर्घटनाका पछाडि जेजस्ता कारणहरू दिइन्छ, सरकारले सुधारको प्रतिबद्धता गर्दछ, तर पुनः उस्तैखालका दुर्घटनाहरू भैराखेका छन् । यसको मुख्य जड के हो र को हो ? मुख्य कुरा यसलाई बुझ्नुपर्छ । केपी ओलीको सरकार बन्नेबित्तिक्कै सडकमा रहेका यातायात सिन्डिकेट तोड्ने कुरा खुबै चर्चामा आए । त्यो चर्चासँगै बिलाएर गयो । समयमा काम नगर्ने, स्तरीय निर्माण नगर्ने निर्माण व्यवसायीलाई कारबाही गर्ने भनेर सरकारले खुबै फलाक्यो । त्यो दिन बित्दै जाँदा पानीको फोकासरि हराएर गयो । यी दुईवटा घटनाले के साबित गर्दछ भने यो राज्यप्रणालीमा कसैले चाहेर पनि राम्रो गर्न सक्दैन । देश र जनताको हित र पक्षमा माखो पनि मार्न सक्दैन ।

किनभने यो राज्यप्रणाली भनेको भ्रष्टहरू उत्पादन गर्ने एउटा कारखाना हो । अहिले पनि वाइडबडीमा भएको यो राज्यप्रणालीकै संवैधानिक अङ्गका रूपमा रहेका अख्तियार, अदालत, महालेखा परीक्षकहरूले भ्रष्टाचारको प्रमाण पेस गर्दा पनि कारबाही हुँदैन । नेपालमा सबैभन्दा बढी भ्रष्टाचार हुने क्षेत्र नै यिनै निर्माण, यातायात, शिक्षा, स्वास्थ्य हुन् । यस क्षेत्रमा प्रवेश गर्ने कुनै पनि नाङ्गो सडक छाप व्यक्ति रातारात करोड होइन, अर्बपति बन्न पुग्छ । पुगिराखेको छ । बाहिर सबैले देख्ने गरेर भएका भ्रष्टाचार सडक निर्माण र हवाईजहाज खरिदमा भएको भन्न हिच्किचाउनु पर्दैन । यो सर्वस्वीकार्य नै छ ।

यस्तो अवस्था कुनै एक व्यक्तिले पुरानै भ्रष्ट राज्यप्रणालीमा प्रवेश गरेर जादुको छडीसरि छु मन्तर गरी यहाँ हुने दुर्घटनालाई रोक्न वा नियन्त्रण गर्न सक्दैन । त्यसैले सर्वप्रथम, भ्रष्टहरूको उत्पादनस्थल यो राज्यप्रणालीका बारेमा नयाँ तरिकाले सोच्नुपर्छ । देखियो त रवीन्द्र अधिकारी मन्त्री हुँदै गर्दा ४ अर्बभन्दा बढीको घोटाला सार्वजनिक भयो । हवाईदुर्घटनामा परेर उनको ज्यानसमेत गयो । त्यसरी भएको भ्रष्टाचारको विरोधमा उनी र उनको पार्टीले कहिल्यै चासो देखाएन ।

यहाँ सडक वा हवाई दुर्घटनाको मात्र कुरा छैन, सिङ्गो देशका बारेमा बुझ्न जरुरी छ । देश दिनदिनैजसो दुर्घटनामा परिराखेको छ । त्यसको सही समाधान खोज्न जरुरी छ जसको उपचार यो राज्यव्यवस्थाबाट सम्भव छैन ।

**लेखकहरूलाई सूचना**

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# सुशासन र मानवअधिकार



**एकराज भण्डारी**
वरिष्ठ अधिवक्ता

*राष्ट्रिय मानवअधिकार आयोगलाई संवैधानिक आयोग बनाइएको छ । तर पनि जनताका आधारभूत मानवअधिकार खासगरी वैयक्तिक स्वतन्त्रता राजनीतिक वैचारिक आस्थाको स्वतन्त्रतामा सरकार स्वयम्ले उल्लङ्घन गरिरहेको छ । एकातिर कानुनीराजका कुरा गर्ने, अर्कोतिर संसदीय व्यवस्था जनताको हितमा छैन, यसको विकल्प दिन्छौँ भन्नेलाई आस्थाका आधारमा बन्दी बनाउने, यातना दिने कार्यले मानवअधिकारको घोर उल्लङ्घन भएको छ । राष्ट्रिय मानवअधिकार आयोगका सिफारिसहरु सरकारद्वारा पालन भैरहेका छैनन् ।*

नेपालको यतिखेरको शासकीय स्वरूप संसदीय शासनप्रणाली हो । यसको स्रोत नेपालमा विभिन्न समयमा भएका क्रान्ति जनसङ्घर्ष, जनआन्दोलनलगायत पछिल्लो चरणमा भएको जनयुद्ध तथा जनआन्दोलन नै हो । जनयुद्धको एजेन्डा संसदीय व्यवस्थाको स्थापना भन्ने थिएन । बरु यसको मूल एजेन्डा पुरानो विभेदकारी निरङ्कुश सामन्ती सत्ताको अन्त्य र नयाँ जनवादी सत्ताको स्थापना भन्ने थियो । जनयुद्ध चल्दै गर्दा सशस्त्र युद्धका दुवै पक्ष, एउटा संवैधानिक राजतन्त्रका पक्षपाती एमाले, काङ्ग्रेस र अर्को जनयुद्धको पक्षपाती माओवादीबीच वार्ता भयो । दिल्लीमा भएको उक्त वार्तामा निरङ्कुश राजतन्त्र अन्त्य गर्ने, पूर्ण लोकतान्त्रिक व्यवस्थाको संविधान संविधानसभाबाट बनाउने भन्ने समझदारी गरियो । समझदारीमा पूर्ण लोकतान्त्रिक व्यवस्था भन्नाले राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक आधारमा पछि परेका वर्गीय, क्षेत्रीय, जातीय र लैङ्गिक विभेदमा परेको समुदायको सहभागिता राज्य सञ्चालनमा गराउने भन्ने अर्थ गरिएको थियो । समझदारीमा दुवै पक्षले यसलाई आआफ्नो ढङ्गले अर्थ्याएको बुझिन्छ । एउटा पक्षले यो पूर्ण लोकतान्त्रिक व्यवस्था भन्नाले संसदीय व्यवस्था भन्ने बुझी संविधान निर्माणमा त्यतातिर बल गरेको देखियो । अर्को पक्षले यो जनवादी वा समाजवादी व्यवस्थाको नजिक हुने भन्ने बुझी त्यतातिर बल गरेको देखियो । विवाद चल्दै गर्दा संविधान निर्माणमा ८ वर्ष लाग्यो । संविधान पूर्ण संसदीय पद्धतिको बन्यो जसका कारण जनयुद्ध हाँकेको पार्टी विभाजित हुन पुग्यो । एउटा मूल नेतृत्वसहितको पार्टी संसदीय पद्धतिमा रह्यो, अब व्यवस्थाका लागि होइन, विकास र समृद्धि गरी जनताको अवस्था बदल्ने भन्नेतिर लाग्नुपर्छ भन्दै संसदीय पद्धतिका पक्षधर काङ्ग्रेस, एमाले पार्टीसँग सहकार्य गर्दै अघि बढिरहेको छ भने अर्को पार्टी सम्झौता धोका हो, निरङ्कुश राजतन्त्रको स्थानमा दलालले चलाउने संसदीय पद्धतिका लागि जनयुद्ध भएको थिएन । त्यसका लागि जनयुद्धमा हजारौँ जनताले बलिदानी गरेका थिएनन् । त्यसैले परिवर्तित सन्दर्भमा पुरानो असफल संसदीय पद्धति हैन प्रगतिशील एवम् वैज्ञानिक समाजवादी राज्यप्रणाली अबको आवश्यकता हो । यसका लागि आफूहरू निरन्तर क्रान्तिमा रहेको भन्दै अगाडि बढिरहेको छ । यही मूल राजनीतिक विवाद एवम् द्वन्द्वका बीचमा छ नेपालको राजनीति सुशासन र मानवअधिकारको अवस्था ।

सुशासन

राज्यसंयन्त्रको मूल आधार प्रतिनिधिमूलक संस्था मानिन्छ । नेपालको प्रतिनिधिमूलक संस्था संसद् हो । संसद् निर्वाचित प्रतिनिधिहरूको थलो मानिन्छ तर निर्वाचनबाट आउनेहरू अधिकांश अर्थात् निर्णायक सङ्ख्या धनपैसा, राजनीतिक पद आदिको प्रभावबाट आउने गर्छन् । यो कुरा गत निर्वाचनले सिद्ध गरिसकेको छ । त्यसैले यो राज्यसंयन्त्रमा विभिन्न ठेक्कापट्टामा सम्बद्धहरू, विदेशी लगानीकर्ताको स्वार्थमा काम गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा काम गर्दै आएका गैरसरकारी संस्थाहरूका प्रतिनिधिहरू, विदेशीको दलालका रूपमा काम गर्ने, वित्तीय संस्थामा आबद्धहरूको पहुँच बढी छ । यी प्रतिनिधिहरू पाँच वर्षका लागि निर्वाचित हुन् । यी प्रतिनिधिले जनताप्रति धोका दिई जनताले नचाहेमा बीचमा प्रत्याह्वान गर्न सकिने कुनै संवैधानिक वा कानुनी व्यवस्था छैन । त्यसका लागि फेरि अर्को निर्वाचन पर्खनुपर्छ हो । त्यसैले संसद् र यसका सदस्यहरू आफूकेन्द्रित कानुन बनाउँछन्, संसदीय पद्धति असंशोधनीय ठान्छन् । आफ्नो स्वार्थ नै राष्ट्रको स्वार्थ भन्ने अर्थ गर्छन् र यो संसदीय पद्धतिका विरुद्ध बोल्न नपाउने, विद्रोह गर्न नपाउने कानुन बनाउँछन्, बरु आफैँभित्र सरकार ढाल्ने र बनाउने खेलको अन्तरविरोधमा लडिरहन्छन् । न्यायालयमा प्रत्यक्ष हस्तक्षेप गर्छन् । प्रेस स्वतन्त्रतामा अङ्कुश लगाउने कानुन बनाउँछन् । त्यसैले नेपाली जनतालाई सुशासनको प्रत्याभूति दिनसक्ने प्रतिनिधिमूलक संस्था अर्थात् संसद्को कुनै हैसियत देखिन्न ।

सुशासनको अर्थ बोक्ने महत्वपूर्ण अङ्ग भनेको सरकार हो । यतिखेर सरकार छ भन्ने हो भने जनताले जनपक्षीय असल सरकारको अनुभूति गर्न पाइरहेको छैनन् । जनताको सुरक्षाको सुनिश्चितता छैन । निर्मला पन्त प्रकरण एउटा प्रतिनिधिमूलक घटना मात्र हो । प्रायः दैनिकजसो यस्ता घटना भइरहेका छन् । जनजीविकासँग सम्बन्धित वस्तु र सेवाको मूल्य निर्धारण दलालहरूले गर्छन् । उत्पादन र वितरणमा दलालहरूकै हात हुन्छ । त्यसमा सरकारले छाप मात्र लगाउँछ र राज्यको नीति, योजना र कानुन भनेर घोषणा गर्छ । महँगी नियन्त्रण यसको हातमा भए पो गरोस्, भ्रष्टाचारको नियन्त्रण यसको औकातमा भए पो गरोस् । त्यसैले त सरकारमा भएका दलहरू सम्मिलित संयन्त्रले सिफारिस गरेको अख्तियारको आयुक्तले नै दिनदहाडै भ्रष्टाचार र अकूत सम्पत्ति कमाएको सरकारका प्रमुखलाई बेलैमा सप्रमाण जानकारी हुँदा पनि चुप लागेर बस्नुपर्ने बाध्यता उत्पन्न भयो । सिन्डिकेट हटाउँछु भन्दै डिङ हाँक्ने र तस्करी समाप्त पार्छु भन्दै फूर्ति गर्ने सरकारका मन्त्रीको जागिर नै धरापमा परेपछि कसको के लाग्दो रहेछ ? कठै सरकार ! त्यसैले नेपालको र नेपाली जनताको सरकार कहाँ छ ? सडक जाममा आधा घन्टा कुर्दा थाहा भयो सरकार रहेछ किनकि जाम त सरकार प्रमुख, राष्ट्रप्रमुखको सवारी हुँदै गरेको कारणले त्यो भएको रहेछ । सरकार छ किनकि राष्ट्रको कोष वा रकम सरकारमा बस्नेहरूको पेटमा मात्र जाँदैन । तिनका कार्यकर्ता, आफन्त र आसेपासेका पेटमा समेत जाने रहेछ र यसरी पनि राष्ट्र कोषको व्यय हुँदो रहेछ । सरकार छ किनकि सरकारका गलत रबैयाको विरोध गर्दा खासगरी कर राजस्व छली गर्ने, अकुत सम्पत्ति कमाउने राष्ट्रघात गर्ने, तस्कर र भ्रष्टाचार गर्नेहरूलाई जब सरकारले छूट दिन्छ र जनस्तरबाट त्यसमाथि निगरानी गर्दै कारबाहीको आवाज उठ्छ अनि त्यस्ता आवाज उठाउनेहरूलाई र फरक राजनीतिक विचार राख्नेहरूलाई अत्यन्त सूक्ष्म ढङ्गले निगरानी गरी अनुसन्धान गरी ठाउँका ठाउँ तुरुन्त पक्राउ गर्छ, यातना दिन्छ, झूट्टा मुद्दा लगाउँछ र अदालतले निर्दोष साबित गरेकालाई समेत पुनः पुनः झूट्टा मुद्दा लगाएर पक्राउ गर्छ । अनि कसरी सरकार छैन भन्ने ? यस अर्थमा सरकार छ ।

जनताले सार्वभौम सत्ता सम्पन्न भएको अनुभूति गर्ने अर्को थलो भनेको न्यायालय हो । तर यसको संवैधानिक संरचना हेर्दा र व्यवस्था हेर्दा दुई तिहाइको सरकार जुन पार्टीको छ, त्यही पार्टीको प्रभावमा न्यायाधीशहरूको नियुक्ति र कारबाही हुने, त्यसैप्रति जबाफदेही हुनुपर्ने खालको संवैधानिक प्रावधान छ जसले गर्दा न्यायालयप्रति पनि स्वतन्त्रता, स्वच्छता र जबाफदेहीका प्रश्नहरू उठेका छन् । राज्यको त्यो अङ्ग पनि भ्रष्टाचारबाट मुक्त छैन । सक्षम, इमानदार, स्वच्छ न्यायकर्तालाई काम गर्न कठिन भैरहेको छ । त्यसलाई नियन्त्रण गर्नसक्ने राज्यको अङ्ग नै जनताप्रति जबाफदेही छैन । संसदीय सुनवाइ र महाअभियोग न्यायाधीश तर्साउने हतियार सिद्ध भएको छ । मन लाग्यो महाअभियोग लगायो, मन लागेन फिर्ता लियो । कुनै औचित्यले काम गर्दैन । न्यायका लागि गुहार माग्न जानेले बसौँ कुर्नुपर्ने स्थिति छ । बसौँ कुरेर पनि न्यायको सुनिश्चितताको महसुस गर्नसक्ने आवस्था छैन । न्यायालयका फैसलाहरू कार्यान्वयन हुन सकिरहेका छैनन् । समग्र यसको मुख्य जिम्मेवार पक्ष भनेको राजनीतिक प्रणाली हो भनी वर्तमान संसदीय राजनीतिक पद्धतिबाहिर रहेको राजनीतिक शक्तिले यो विषय उठाइरहेको स्थिति छ । त्यसैले नेपालको शासकीय स्वरूप विवादित छ । सुशासन छैन ।

मानवअधिकार

भनिन्छ, लोकतन्त्र वा जनतन्त्र वा जुनकुनै शासनप्रणलीको आधारभूत मान्यता भनेको मानवअधिकार हो । नेपालको संविधानको प्रस्तावनामा नै नागरिक स्वतन्त्रता मौलिक अधिकार एवम् मानवअधिकारप्रति राज्यसत्ता सधैँ प्रतिबद्ध रहने उल्लेख छ । मानवअधिकारसम्बन्धी अन्तर ाष्ट्रिय महासन्धिहरूमा समेत नेपालले आफ्नो प्रतिबद्धता व्यक्त गरेको छ । राष्ट्रिय मानवअधिकार आयोगलाई संवैधानिक आयोग बनाइएको छ । तर पनि जनताका आधारभूत मानवअधिकार खासगरी वैयक्तिक स्वतन्त्रता राजनीतिक वैचारिक आस्थाको स्वतन्त्रतामा सरकार स्वयम्ले उल्लङ्घन गरिरहेको छ । एकातिर कानुनीराजका कुरा गर्ने, अर्कोतिर संसदीय व्यवस्था जनताको हितमा छैन, यसको विकल्प दिन्छौँ भन्नेलाई आस्थाका आधारमा बन्दी बनाउने, यातना दिने कार्यले मानवअधिकारको घोर उल्लङ्घन भएको छ । राष्ट्रिय मानवअधिकार आयोगका सिफारिसहरू सरकारद्वारा पालन भैरहेका छैनन् । जनयुद्धका क्रममा भएका ज्यादतीका बारेमा सत्यतथ्य छानबिन गरी पत्ता लगाई प्रतिवेदन दिन र त्यसअनुसार समाजमा मेलमिलापको वातावरण बनाउने, बेपत्ता योद्धाहरूको सार्वजनिक गर्ने, सहिद सम्मान, घाइते, अपाङ्ग योद्धाको समस्या सामाधान गर्ने, विस्थापितका समस्या हल गर्ने, युद्धमा लगाइएका झूट्टा मुद्दाबाट मुक्त गर्ने युद्धका क्रममा माओवादी आधारइलाकाहरूमा भएका जनताका कारोबारलाई नियमन गर्नेजस्ता विषयहरू जहाँका तहीँ छन् । यो विषयका लागि बनेका आयोगहरू बेकामे साबित भएका देखिए भने सरकार यसबारे मौन देखिएको छ । यसले पनि मानवअधिकारका उल्लङ्घनबाट जनताले उपचार नपाइरहेको अवस्था छ । यो अवस्थामा राष्ट्रिय मानवअधिकार आयोगको महत्वपूर्ण भूमिका रहन्छ । त्यसैगरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा काम गर्ने सङ्घसंस्थाहरू, मानवअधिकारकर्मीहरू मानवअधिकार रक्षाका लागि निरन्तर लागिपर्नुपर्ने आजको आवश्यकता हो ।




अतः समाज परिवर्तनशील छ । सहज जीवनयापनका लागि समाजले जहिले पनि सकारात्मक परिवर्तन चाहन्छ । यो समाज विज्ञानको नियम हो । यथास्थितिवादी चिन्तन समाजको अग्रगामी एवम् परिवर्तनका लागि बाधक हो । यथास्थितिवादी सोचाइ र अग्रगामी एवम् परिवर्तनकारी सोचाइका बीच निरन्तर सङ्घर्ष चलिरहन्छ । आज विश्वमा यिनै दुई विचारबीचको द्वन्द्व छ । हामी नेपाली पनि यसबाट अलग रहन सक्दैनौँ । अग्रगामी चेतनालाई कुनै पनि भौतिक विकासका खोक्रा नाराले मात्र रोक्न सक्दैन । यो इतिहास सिद्ध तथ्य हो । यतिखेर नेपालको राजनीतिक परिस्थिति पनि यही रूपले अगाडि बढिरहेको छ । राजनीतिक सङ्घर्ष बहस, छलफल, अन्तरक्रिया यी निरन्तर अगाडि बढ्ने प्रक्रिया हुन् । मानवअधिकारको हनन गर्ने अधिकार कुनै पनि सर्त एवम् बहानामा कसैलाई छैन ।

*(वरिष्ठ अधिवक्ता भण्डारीको यो लेख हामीले यही आइतबार काठमाडौँमा आयोजित एक कार्यक्रममा उहाँले प्रस्तुत गर्नुभएको आधारपत्रबाट लिएका हौँ- सम्पादक ।)*

# अमेरिकी कलो खाने लोभमा राष्ट्रियता बेच्नेले आत्महत्या गरे हुन्छ



## दीपेन्द्रबहादुर क्षत्री

पूर्वगभर्नर तथा राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष

» ***एकातिर देशको आर्थिक वृद्धिको पनि खासै योजना आएजस्तो देखिएन । भएका आर्थिक अर्थतन्त्रका सूचक पनि त्यति सकारात्मक देखिएनन् । राज्य आफैँ पनि यो वा त्यो रूपमा भ्रष्टाचारमा संलग्न भएको र भ्रष्टाचारलाई प्रोत्साहित गरेको देखियो । यसको परिणति र देशको अवस्था के हुन्छ ?***

आर्थिक सूचकाङ्कहरूमा एउटादुईटा कुरा सकारात्मक पनि देखिएका छन् । मैले अघि पनि निवेदन गरेँ, राजस्व वृद्धि भएको छ । त्यसले सरकारलाई खर्च गर्ने क्षमता प्रदान गर्छ त भनियो तर खर्च गर्ने कुरामा के भएको छ भने पुँजीगत खर्च भनेको विकास निर्माणमा लगानी हो । त्यसले अगामी दिनमा पनि प्रतिफल दिन्छ भनेर लगानी गर्ने हो तर त्यो नै के भएको छ भने दुई खर्बभन्दा बढ्ता रकम त खर्च हुन नसकेर सरकारको ढुकुटीमा रहेको भन्ने आएको छ । त्यसले दिएन । अब अर्कोतिर अर्थमन्त्रीले यो पुँजीगत खर्च हुनु र नहुनुले हाम्रो अर्थतन्त्रलाई केही फरक पार्दैन भन्नुभएको छ । यो कसैले बुझ्न नसकेको पहेली हो, केके कारणले त्यस्तो हुन्छ । एकापट्टि त्यसो भन्ने, अर्कोतिर खर्च नगर्ने गर्दा विकास निर्माणलाई नै वास्तवमा रोक्न खोजेको हो कि भने जस्तो देखिँदो रहेछ । अब यहाँनेर आएपछि अर्को कुरा पनि जोड्नुभएको छ । दीर्घकालीन रूपमा चाहिँ वास्तवमा आर्थिक वृद्धिका लागि यसले सघाउ नपुऱ्याउने भएपछि हामी कता जाँदैछौँ त भन्ने कुरा पनि हो । कुरो के छ भने अहिलेसम्मको परम्पराअनुसार यो विकास खर्च नहुनुमा योजना राम्रोसँग अध्ययन नगरेर ल्याएकाले पनि योजनाहरूमा खर्च हुँदैन त भनिएछ तर त्यसको अतिरिक्त यो प्रशासनयन्त्र खासगरी विकास निर्माणको काम गर्ने त कर्मचारी हुन् नि । ती कर्मचारीहरूमा बेपत्तासँग फेरबदली गरिदिने अनि स्वास्थ्य मन्त्रालयमा दुईजना सचिव छन् : एउटा अदालतले पठाएको सचिव अर्कोचाहिँ सरकारले पठाएको । त्यस्तै खानेपानीमा ठाकुर भन्ने सचिव थिए । त्यहाँबाट सरुवा भए रे भन्ने सुनिएको छ । अब को जान्छ थाहा छैन । यो हिसाबले त विकास निर्माणको काम गर्नलाई त तिनीहरू पनि स्थायी हुनुपऱ्यो नि । त्यो नहुने भएपछि त बडो गाह्रो हुने अवस्था आउने भयो । यी सबै कुराले आखिरमा जेठ र असारे विकास हुन्छन् । त्यतिबेला ड्यामडुम खर्च नभएर त्यहीँ ल्याएर राख्यो । त्यसपछि खर्च गरेको देखाउने, पैसोचाहिँ खर्च गरेको देखिने, नतिजाचाहिँ नदेखिने हो । त्यसैतिर लक्षित हो भने राष्ट्रघात हो भनेर भन्नुपर्छ । किनभने उहाँहरू विपक्षमा हुने बेला यो काम राम्रो होइन भनेर झन्डा खडा गर्नुहुन्थ्यो भने उहाँकै पालामा आउँदाखेरि त्यसलाई राम्रो भयो भनेर भनिदिनुचाहिँ त्यो पनि आफैँमा गलत र चाकरी प्रथा हो । त्यसो गरिनु हुन्न ।

» ***दुई तिहाइ बहुमतको सरकार यस्तो हुनुको कारकतत्व कहिले ब्युरोक्रेसीलाई दोष दिन्छ । कहिले आफ्ना मन्त्रीहरूतिर पनि फर्किन्छ । कहिले अन्तरपार्टीतिर पनि फर्किन्छ । यसको मूल जड के हो त ?***

सबभन्दा ठूलो इच्छाशक्ति हो । इच्छाशक्ति भयो भने असम्भव कुराहरूलाई पनि सम्भव बनाउन सकिन्छ भन्ने भनाइ छ । उहाँको घोषणापत्र हेर्ने हो भने त्यसमा केही द्विविधा छैन । अगाडि जान खोजिएको हो भनेजस्तो लाग्दो रहेछ । तर यहाँनिर के भने हामी नयाँ परिवेशमा गइरहेका छौँ सङ्घीयताअन्तर्गत भनेर । सङ्घीयताअन्तर्गत जाँदा प्रदेशका मुख्यमन्त्रीहरूले हामीलाईचाहिँ दास बनाएर अथवा गोटी मात्रै बनाउन थालियो । सही अर्थमा सङ्घीयताअन्तर्गत रहेर जान सङ्घीय सरकार चाहेन । त्यो देखियो । मुख्यमन्त्रीहरूसँगको बैठकचाहिँ डाकियो । यहाँ आएर भोलि बैठक हुन्छ भनेपछि अघिल्लो रात त्यसलाई रद्द गरेर अहिले हैन, अनुकूल वातावरण नभएको हुनाले हुँदैन भनेपछि डेढ महिनापछि त्यो मिटिङ गरिएको थियो । जे भनिन्छ, त्यो गर्न सबै कुराहरू नमिलेको कारणले सहज ढङ्गबाट जानका निमित्त सकारात्मक सोचाइ राखेर त्यसरी गएको हो कि भन्ने उदाहरण पनि दिन सकिन्छ । तर अर्कोतिर मैले बोलेपछि हिजो बाँङ्गो टोपी लाउनेको ठाउँमा म बसेको छु भने मैले बोलेको कुरा लालमोहर किन हुँदैन भन्ने पनि हो कि । यसलाई विपक्षीहरूले दम्भ भन्ने गरेछन् र अधिनायकवाद भयो भन्ने पनि गरेछन् । जस्तो कतिपयले पनि भन्छन् यस्तो सरकारले जे पनि गर्न सक्ने हो नि जस्तो अस्ति स्वास्थ्यसम्बन्धी विधेयक थियो नि त्यसलाई पारित गर्न उहाँले सामान्य किसिमको संसदीय अभ्यास र पद्धतिअनुसार गर्नुभएको होइन । तर गराएर त छोड्नुभयो । विपक्षीहरूले त्यसलाई अधिनायकवाद लाद्न खोज्यो भन्छन् । यसबाट पनि उहाँहरू जोगिनका लागि के रैछ भने हैन यसलाई विस्तारविस्तार गर्दै जानुपर्छ । होइन भने कम्युनिस्टको सरकार भनेको सम्पूर्ण विश्वले चाहिँ अर्को दृष्टिकोणले हेरदिने र भित्र पनि त्यस्ता किसिमको परिस्थिति आयो भने हामी टिक्न सक्दैनौँ कि भन्ने पनि होला । तर त्यसो हुँदाहुँदै पनि जनतालाई दिएका आश्वासनहरू पूरा गर्नको निमित्त ठोस रूपले नै अगाडि लागेको हो कि होइन भनेर भन्ने हो भने ६ महिनासम्मको क्रियाकलापले सोच्नुपर्ने परिस्थिति देखिएको छ ।

» ***अहिले जोजो संसद्मा छन्, संसदीय पद्धतिमा बसेर, संसदीय चुनाव लडेर आएका छन् । चाहे सत्ता पक्ष होस् वा प्रतिपक्ष होस्, उनीहरूले स्वीकार गरेको कुरा के हो भने यो समाजवाद उम्मुख हो । नीति तथा कार्यक्रम, बजेट र पछिल्ला सरकारका गतिविधिहरू हेर्दा ठीक उल्टो छ । प्रतिगमनतिर गएको जस्तो देखिन्छ नि ?***

एउटा व्यावहारिक उदाहरणबाट सुरु गर्छु म । हुनत अब धेरै उदाहरणचाहिँ प्रधानमन्त्रीलाई आरोप लगाउने किसिमका कुराहरू आए । उहाँ चीन भ्रमणमा जाँदा निजी क्षेत्रको वायु वाहन प्रयोग गरेर जानुभएको छ । हामीसँग नेपाल एयरलाइन्सकै जहाज थिए । समाजवादी चरित्रअनुसार अगाडि जाने हो भने त राज्यलाई बलियो बनाएर राज्यले डेलिभर गर्नसक्ने किसिमको स्थितिमा वातावरण बनाउन सक्ने हो नि त, त्यस्तो भएन । त्यस्तै अहिले पनि कतिपय त्यस्ता कुराहरू देख्न सकिन्छ । समाजवाद उन्मुख भनेको हुनाले हाम्रो लक्ष्य त्यही हो त भन्ने तर व्यवहारमा जाँदाखेरि अब २ करोडको गाडी नभए पनि के मन्त्री हुने त ? भनेर कम्युनिस्ट पार्टीकै सदस्यहरू त्यहाँ मन्त्री हुँदा त्यसो भन्छन् । अनि राज्यले एउटा सुविधा दिएको छ । त्यो सुविधाले नपुगेर पेट्रोलियम दिने सहुलियत नगदमा लिएर आफ्नो खातामा जम्मा गर्ने अनि मन्त्रालयको खर्चबाट पेट्रोल बेहोर्ने भन्ने हो भने विपक्षीहरूले के भन्छन् भने यो समाजवादअन्तर्गत केही मान्छेले अति उत्कर्ष किसिमको मोज गरिरहेका हुन्छन् । चैन गर्छन् । त्यसलाई यदाकदा अहिले सम्माननीय राष्ट्रपतिलाई किनेको हेलिकोप्टर पनि ल्याएको जोड्न लागेका छन् । पछिल्लो चरणमा त समाचारहरूमा आएअनुसार उहाँको सुरक्षाको निमित्त गार्ड एउटा मेजर तहको हुन्थ्यो क्यारे । त्यसलाई अपग्रेड गर्नुपऱ्यो भनेर सीधै उहाँले सीएनसीलाई फोन गर्नुभयो भन्ने कुराहरू पनि बाहिर आइरहेका छन् । यो मोज गर्ने, सुखसयलपूण जीवन बिताउने, चैन गर्ने कुराहरूको सीमा हुँदोरहेनछ । बढ्दै जाँदो रहेछ । त्यसो हो भने अब एकचोटि प्रजातान्त्रिक

*समाजवाद उन्मुख भनेको हुनाले हाम्रो लक्ष्य त्यही हो त भन्ने तर व्यवहारमा जाँदाखेरि अब २ करोडको गाडी नभए पनि के मन्त्री हुने त ? भनेर कम्युनिस्ट पार्टीकै सदस्यहरु त्यहाँ मन्त्री हुँदा त्यसो भन्छन् । अनि राज्यले एउटा सुविधा दिएको छ । त्यो सुविधाले नपुगेर पेट्रोलियम दिने सहुलियत नगदमा लिएर आफ्नो खातामा जम्मा गर्ने अनि मन्त्रालयको खर्चबाट पेट्रोल बेहोर्ने भन्ने हो भने विपक्षीहरुले के भन्छन् भने यो समाजवादअन्तर्गत केही मान्छेले अति उत्कर्ष किसिमको मोज गरिरहेका हुन्छन् । चैन गर्छन् । त्यसलाई यदाकदा अहिले सम्माननीय राष्ट्रपतिलाई किनेको हेलिकोप्टर पनि ल्याएको जोड्न लागेका छन् ।*

आन्दोलन चल्यो भन्ने बेलामा रोमानियाका चाउचेस्कुलाई असाध्यै राम्रो, युरोपको राम्रो मान्छे हो भनेर हामीले पढ्थ्यौँ पहिलापहिला तर पछिल्लो चरणमा गएपछि त उहाँलाई नामै भ्रष्ट रहेछ । श्रीमतीका इच्छाआकाङ्क्षाहरूलाई रोक्नै सकेनन् । त्यसकारणले यसलाई चाहिँ सजाय दिनुपर्छ, जेल हाल्नुपर्छ भनेर आवाज आएको थियो । कताकता हाम्रो सरकार पनि त्यतापट्टि जाला भन्ने डर पनि लाग्यो । त्यसैले हाम्रो कर्तव्य के हुन्छ भने त्यस्तो घटना हुनुभन्दा अगाडि नै तपाईंहरू त गरिब, निमुखा, उत्पीडित जनताहरूका पक्षमा जान्छु भनेर भोट पाउनुभएको छ । त्यसलाई बेइमानी नगर्नुस् भन्ने किसिमले चेतावनी दिनुपर्छ । यद्यपि उहाँहरूलाई यो चेतावनी वास्तवमा किन स्वादिलो हुँदैन भने हालसालैको एउटा घटना, सरकारले केन्द्रीय बैङ्कलाई हस्तक्षेप गऱ्यो भन्ने कुराको पनि ज्वलन्त प्रमाण हो । त्यो के भने यहाँ 'इफ्यास्टक्चर' बैङ्क खोल्ने भन्ने कुरो बाबुराम भट्टराई प्रधानमन्त्री हुने बेला ५० करोड रुपैयाँ बैङ्कमा राखेर सुरु गरिएको थियो तर सकिएन । अहिले आएपछि निजी क्षेत्रको धेरै लगानी गरेर २० अर्बचाहिँ त्यसको पुँजी हैन, अगाडि गएर खोल्ने भनेपछि डा. विमल कोइराला पहिलाको मुख्यसचिव पनि हुन् । उनी त्यसका अध्यक्ष रहेछन् । लाइसेन्स माग्न जाँदा के भनियो भने यो व्यक्ति अध्यक्ष भइन्जेलसम्म तपाईंहरूले लाइसेन्स पाउनुहुन्न, फेर्नुस् । कारण के रहेछ भने एउटा त्यो क्रिस्चियनहरूको सम्मेलन भएको थियो नि, हो त्यसमा सम्माननीय प्रधानमन्त्रीज्यू चार दिनसम्म सोल्टीमा आएर बस्नुभयो । हुनत उहाँको त्यतिबेला सकारात्मक प्रतिक्रिया थियो किनभने प्रधानमन्त्री आएको छ, गएको छ भन्दाखेरि बाटोमा जाम हुने कुरा नि थियो होला तर त्योभन्दा बढ्ता कुरा के भइदियो भने अन्तर्राष्ट्रिय क्षेत्रमा त लौ त्यस्तो समाजले गरेको आयोजनामा चार दिनसम्म होटेलमा गएर बस्यो । त्यो कुरा विमल कोइरालाजीले कता हो विरोधको स्वरमा यस्तो गर्नु हुँदैनथ्यो भन्नुभएको रहेछ । हो, त्यसको बदलास्वरूप त्योचाहिँ अध्यक्ष भइन्जेलसम्म लाइसेन्स पाउँदैनौ । नभन्दै उहाँलाई हटाएको पर्सिपल्ट लाइसेन्स दियो । त्यो लाइसेन्स दिने सरकार होइन, दिने केन्द्रीय बैङ्कले हो र नेपाल राष्ट्र बैङ्कले हो । अब यसबाट पनि के देखियो भने राष्ट्र बैङ्कमाथिको दबाब अनि त्यहाँबाट हस्तक्षेप दिनप्रतिदिन बढ्दै गएको छ । यसले राम्रो नतिजा दिँदैन भन्ने कुरा म निवेदन गर्छु ।

» ***अहिले जुन परिस्थिति बनिरहेको छ । नेपालका मिडियाहरूमा यो सरकारले गरेका आर्थिक गतिविधिका नकारात्मक सूचनाहरू बढी आइरहेका छन् । अब गर्ने के हो त यस्तो अवस्थामा ?***

तत्काल गर्नुपर्ने कुरा के थियो भने हामीले कृषिप्रधान देश भन्यौँ । सबभन्दा धेरै जनसङ्ख्या त्यसैमा आधारित छ भनेका छौँ । कुल ग्रार्हस्थ उत्पादनमा पनि ३० प्रतिशतजस्तो अहिले पनि योगदान छ भनिएको छ । यो कृषिलाई उठाएर हाम्रो आवश्यकताका वस्तुहरू उत्पादन गर्ने र थप उत्पादन गरेछौँ भने यतापट्टि सलहजस्तो जनसङ्ख्या, १ अर्ब २४ करोड भारतमा, १ अर्ब ४० करोड चीनमा छन् । उहाँहरूलाई हिमाली भेगमा उत्पादन गरेको स्वस्थ, प्राङ्गारिक कृषि उत्पादन फलफूल, माछा, मासु लैजानुस् न तपाईं कति सक्नुहुन्छ । हामीले जति उत्पादन गरे पनि अभाव नै हुन्थ्यो । त्यसलाई ध्यान दिएर हाम्रो जनशक्तिलाई पनि त्यतापट्टि उन्मुख बनाउने र कृषिलाई प्राथमिकतामा राखेर जानुपर्थ्यो । त्यतापट्टि कम भएको छ । यसैमा भनुँ २२ अर्ब कृषिको बजेट छ । त्यसमा १२ अर्ब अनुदान दिइएछ । त्यो झन्डैझन्डै ५५ प्रतिशत आउने भयो । त्यसो हुँदा पनि हामीले २७ अर्बबराबरको ६ महिनामा चामल, मकैलगायत खाद्यान्नहरू आयात गर्छौं भने त्यो अनुदानचाहिँ कसले खल्तीमा हाल्यो, त्यो अर्कोचोटि चुनाव लड्नका निमित्त यिनै नेताहरूले खल्तीमा हाले कि, आफन्तहरूलाई बाँडे कि, विचार गर्नुपर्ने छ पहिलो कुरो त्यो भो । दोस्रो कुरो के छ भने हामीले यी पूर्वाधारहरूको विकास गर्नै पर्नेछ । किनभने यसरी उत्पादन गरेको वस्तुलाई बजारसम्म पुऱ्याउन पनि, अर्को देशमा पुऱ्याउन पनि त पूर्वाधार आवश्यक पऱ्यो नि, हैन ? त्यसकारण यातायातले पूर्व र पश्चिम, उत्तर र दक्षिण जोडिनुपर्छ तर जथाभाबी अहिले जुन किसिमले आइरहेको छ, मैले भन्ने गरेको छु १ सय ५० किलोमिटर उत्तरदेखि दक्षिणसम्म क्षेत्रफल छ हाम्रो दूरी । त्यसमा पाँच-छवटा त पूर्वदेखि पश्चिमतिर हामीले जाने बाटो खन्यौँ । उत्तरमा हिमाली क्षेत्रको एउटा रुट अनि त्यसपछि पुष्पलाल मार्ग भनेर मध्यपहाडी लोकमार्ग, त्यसपछि अहिले प्रस्ताव गरिएछ चुरेको बाटैबाटो भएर मदन भण्डारी मार्ग भनेर पूर्वदेखि पश्चिमलाई अनि पहिलेदेखि भएको पूर्वपश्चिम राजमार्ग यथावतै छ । हुलाकी मार्ग आयो । त्यसपछि रेलमार्ग छ । १ सय ५० को रेन्जमा हामीले पाँच-छवटा बाटोले पूर्व-पश्चिम जोड्छौँ भने सबै जमिन हामीले त्यहीँ स्वाहा बनाउने भयौँ। यो पद्धति वास्तवमा ठीक भएन भन्छु म । बरु ३/४ वटा राखेर उत्तर-दक्षिण प्रदेशहरूलाई जोड्ने गरेर गरिदियो भनेदेखि त लिङ्क हुन सक्थ्यो । त्यसरी पनि जान सक्नुपर्ने भयो । तेस्रो, सबैभन्दा ठूलो कुरो आत्मसंयम भएर सुशासन दिनको निमित्त साधु नै भएर बस्नुपर्छ । यद्यपि वामपन्थी विचार राख्नेहरूले साधुसन्तहरूको विश्वास गर्दैनौँ । अब कर्तव्यनिष्ठा नै नभएपछि वस्तावमा साधुसन्त भनेर उदाहरण दिनुपर्ने अवस्था रहेछ । भन्नलाई म भ्रष्टाचार गर्दिनँ र भ्रष्टाचार गर्नेलाई पनि सहन्नँ भन्ने तर बग्रेल्ती भ्रष्टाचारका कुराहरू आउँदा एउटालाई पनि कारबाही नहुने भएपछि त कसले हो आएर गरिदिने ? त्यो डोनाल्ड ट्रम्पले हो त ? डोलान्ड ट्रम्पले त के भनेका छन् भने नेपाल भारतको एउटा अङ्ग हो । भुटान पनि भारतको अङ्ग हो । यस्ता कुरा आइराखेकै बेलामा भेनेजुएलामा उनीहरूले हस्तक्षेप गरे । त्यहाँका सेनालाईसमेत आह्वान गरेर तैँले अब विपक्षी नेतालाई सहयोग गर् भनेपछि अहिले मात्रै मदुरोको मातहतमा गएका सैनिकहरूले तिम्रा कुरा हामी सुन्दैनौँ । यहाँ आयो भने मदुरोको लासमाथि मात्रै तिम्रा सैनिकले खेल्ने कुरा हो । विचार गर भन्ने जुन चुनौती दिए, हामी यो समाजवाद उन्मुख जाने संविधान भएका र अनि वामपन्थीको खासगरी कम्युनिस्टको सरकार भन्नेले पक्षमा त्यो वक्तव्य दिनु अन्यथा होइन तर यहाँका बुर्जुवाहरूले, प्रतिपक्षमा रहेकाहरूले लौ उसले दिएको कलो भनौँ न अमेरिकाले ५० अर्ब जस्तो च्यालेन्ज फन्ड भनेर दिन लगाइरहेको छ, त्यो गुमाउने भए भनेर जुन गुनासो गरिराखेका छन् । मैले त्यसमा कुनै तुक देखेको छैन । वास्तवमा कलोका निमित्त हामीले सार्वभौमिकता बेच्छौँ भने, आत्मा बेच्छौँ भने बाँचेको पनि सार हुँदैन । उहाँहरूले नै आत्महत्या गरे हुन्छ ।

# दुस्मनका कालकोठरीहरूमा-२


कृष्ण धमला

११ गतेको साँझसम्म थुप्रैले बयान लिए । बेलुकातिर एउटाले आएर भन्यो- यो एमपी- १ भनेको हतियार हो कि होइन नढाँटीकन बताइदिनुस् । मैले हुँदैहोइन भनेपछि ऊ फर्केर गयो । पल्लो कोठामा जीवन्तजीले त्यसको पूर्ण रुप बताइदिनुभएछ अनि सोध्न छाडे । एकजना फेरि आयो र धाराप्रवाह बोल्दै गयो । मलाई बोल्न पनि दिएन । फेरि सोध्यो- तपाईं बैठकबाट फर्किएपछि कहाँ बस्नुभयो ? मैले होटेलमा बसेको जबाफ दिएँ । त्यसपछि त्यो बोल्दै गयो । मलाई एउटा प्रश्न सोध्यो- कम्पनीमा कतिवटा प्लाटुनहरू हुन्छन् ?

'मलाई थाहा छैन । म स्कुलिङ विभागको मान्छे, के थाहा हुन्छ' भनेँ । मेरो सुर्खेती कम्युनिस्ट आन्दोलनको इतिहाससम्बन्धी लेख थियो ल्यापटपको फाइलमा । त्यो सबै हेरिसकेको रहेछ । अनि भन्यो क्या कृष्ण सर पनि । तपाईंको लेखमै छ नि त थाहा छैन भन्नुहुन्छ ? निरन्तर बोल्यो ऊ । उसको बोलाइमा बाहिर पत्रपत्रिकाले ओली र प्रचण्डहरूका बारेमा जेजे लेखिराख्या' छन्, विरोध गरिराख्या' छन्, त्यसको विरोधजस्तो, असन्तुष्टिजस्तो भाव देखापर्थ्यो । कतिखेर मार्सी भातको कुरा गर्थ्यो । भर्खरै प्रचण्ड-ओलीहरूले दुर्गा प्रसाईंको घरमा गएर मार्सी भात खाएको पत्रपत्रिकामा व्यापक चर्चामा थियो । त्यो कुरा पनि भन्दै थियो । तिनीहरूले त्यो दिन पुलिसकोमा जिम्मा लगाउने तयारी गर्दै रहेछन् । एकजना मान्छे बाहिरैको करिडोरबाट तपाईंकी श्रीमतीको फोन नम्बर छैन भनेर सोध्यो अनि जेठो छोराको छ भनेर सोध्यो । छैन भनेर जबाफ दिएँ । फोन गरिदिनु हुन्थ्यो भनेर आफैँसँग कुरा गर्दै हिँड्यो । केही बेरपछि दुईजना पुलिस भाइहरू आए । सरको जुत्ता कुन हो भने । कालो जुत्ता हो भनेपछि ल्याएर दिए । मैले लगाएर सोधेँ कहाँ जाने हो ? खै सर हामीलाई थाहा छैन भने । अनि दुईजनाले दुईटा पाखुरामा समातेर बाहिर ल्याएबाहिर गाडी सुरु भैराखेको थियो । सिटमा बस्नुस् भने । त्यसपछि कहाँ लाने हो भनेर फेरि सोधे । जीवन्तजीलाई पहिल्यै ल्याएर राखेका रहेछन् । उहाँले जहाँ लगे पनि चुप लाग्नुस् भन्नुभयो । अनि बल्ल थाहा भयो- उहाँलाई पहिल्यै ल्याइसकेका रहेछन् भनेर ढुक्क भएँ ।

स्टार्ट भएको गाडी हिँड्यो । उनीहरू मूलबाटोबाट हिँडिरहेका थिएनन् । ढिस्काढिस्की, उकालोओरालो, खाल्डाखुल्डी हुँदै जडीबुटी भएर नयाँबानेश्वरको प्रहरी वृत्तमा ल्याइपुऱ्याए । वृत्तभन्दा १००/१५० कदम अगाडिपट्टि खोलिदिए । यसो हेरेको त प्रहरीवृत्त नयाँबानेश्वर भनेर लेखेको छ । केहीबेर रोकेर झुठ्ठा मुद्दा खडा गर्न त्यहाँ ल्याइएको रहेछ । हामीलाई त्यहाँ बुझाएर तिनीहरूको गाडी फर्क्यो ।

सीआईबीले मुद्दा तयार नहुँदासम्म हामीलाई गाडीमै राखी राखे । त्यही बीचमा क्यान्टिनमा अर्डर गरेर चाउमिन खायौँ । हामीलाई बुझाएर उनीहरू हिँडे । हामीलाई एउटा कोठामा बस्नुस् भनियो र करिब एक घन्टा जति बसिसकेपछि मुद्दा फाँटका ४/५ जना पुलिस हामी बसेको कोठामा आइपुगे । तीमध्ये एकजनाले उनीहरूले तयार गरेको आरोपलाई टेबुलमा राखेर र अगाडिको पानालाई फोल्ड गरेर तपाईंहरूको सामान बुझ्नुपर्ने भएकाले यसमा सही गरिदिनुस् भन्यो । मैले पहिला पढेर सुनाउनुस् अनि मात्र सही गरिन्छ भनेँ । त्यो पुलिसले होइन-होइन, सीआईबीले बरामद गरेका सामानहरू उसले तयार पारेको सूची देखायो र भन्यो- तपाईंहरूका सामान यिनै होइनन् र ?

हामीले सामानहरू त हाम्रै हुन् तर पढ्न दिनुपऱ्यो नि त भनेँ । देखाउन मान्दैमान्दैन । त्यसपछि मैले उसको हातबाट त्यो आरोपपत्र खोसेँ र सुरुदेखि पढ्न थालेँ । पढ्दै जाँदा हामीलाई काभ्रेको कुन्साङ लामाको क्रसर उद्योग र एक्साभेटरमा आगो लगाएको विषयमा सङ्गठित अपराधको आरोप लगाइएको रहेछ । तपाईंले यो झुठ्ठा मुद्दा किन लगाएको हो ? झुठ्ठा मुद्दा लगाउन मिल्छ ? भनेर मैले प्रतिप्रश्न गरेपछि उनीहरू अवाक भए । लगत्तै जीवन्तजी पड्किनुभयो । त्यसपछि उनीहरू सबैजना उठेर मुद्दा फाँटमा आए । हामी पनि उनीहरूसँगै कोठामा आयौँ । जीवन्तजीले तिमीहरूले नाटक गर्ने फोन ल्याऊ । म बादललाई तत्कालै फोन गर्छु भनेर कोठामा यता र उता गरी आक्रोशित भैराख्नुभयो ।

कहाँ छ फोन देऊ । म गर्छु भनेर भन्न थाल्नुभयो तर फोन कसले दिने ? तिमीहरूले हामीसँग नाटक गर्ने ? हामीलाई चुनौती दिने ? भनेपछि होइन, तपाईंहरूलाई जहाँ गए पनि पूर्वदेखि पश्चिमसम्म यही मुद्दा लगाएको छ । यो माथिबाटै सूची बनेर आएको छ । हामीले के गर्ने ? तपाईंहरूलाई च्यालेन्ज दिएको पनि होइन, नाटक गरेको पनि होइन, भोलि तपाईंहरू मन्त्री भएर आए पनि हामीले मान्ने हो । सही गरे गर्नुस्, नगरे पनि हुन्छ भनेर एकजना सईले बोल्यो ।

हामीलाई लिन भनेर काभ्रेको धुलिखेलवाट इन्सपेक्टरको नेतृत्वमा एउटा गाडी त्यहाँ आइसकेको रहेछ । उनीहरू पनि त्यो चर्काचर्की पर्ने बेला ट्वाल्ल परेर सुनिरहेका थिए । त्यसपछि मैले भनेँ- हामीलाई कहाँ लाने हो ? काभ्रे लाने हो भन्यो । ल हिँड्नुस् त भन्यौँ । एकजना पुलिसले हत्कडी लगाउन निकालेर छ्याङछ्याङ बजाउँदै थियो । हामीले हत्कडी लगाउने होइन, हामी अपराधी होइनौँ भनेपछि त्यो सिपाहीले निकालेको हत्कडी पनि फेरि झोलामा राख्यो ।

हामी सरासर गाडीतर्फ बढ्यौँ र गाडीमा गएर बस्यौँ । गाडी सुरु भयो । धुलिखेलतिर हुइँकियो । डेढ घन्टामा गाडी धुलिखेलको परिसरभित्र गएर रोकियो र कन्ट्रोल रुममा लगेर एकछिन राखे । भित्र लैजान मिल्ने सामानहरू मात्र दिए उनीहरूले । कहाँ राख्ने व्यवस्था गर्नुभएको छ त हामीलाई भनेर सोध्यौँ । एकजना महिलालाई पनौती सारेर एउटा छुट्टै कोठाको व्यवस्था गरेका छौँ, महिला वार्ड खाली गरिएको छ । त्यसैमा तपाईंहरूलाई राख्ने आदेश छ भन्ने कुरा गरे । अनि कथित बरामद गरिएका भनिएका ल्यापटप, मोबाइल, सिमकार्डलगायत सामानहरू आफैँले राखे र दिएनन् । उनीहरू त्यसलाई प्रमाणका रूपमा राख्ने रहेछन् भन्ने कुरा थाहा भयो । त्यसपछि हामी हिरासतभित्र गयौँ । बाहिर जुत्ता खोल्ने, पाइन्टको पेटी खोल्न लगाए । सबै कुरा कन्ट्रोल रुमभित्रको सीसीटीभी क्यामेराबाट वाचिङ गर्ने प्रणाली बनाइएको छ । लान मिल्ने सामानहरू मात्र दिए भने झोलाहरू पुलिसले लकरभित्र राखे र इन्ट्री गरेर वार्डभित्र छिऱ्यौँ । एटेच बाथरुम भएको कोठा रहेछ । भित्रको कोठामा तल जमिनबाट थोरै माथि उठाएर होचो खाट बनाइएको रहेछ । छ बन्दीहरूले आत्महत्या गर्न नसकून् भन्ने डिजाइनबाट बनाइएको अनुमान लगाउन गाह्रो भएन । हबल्दारले हामीलाई भित्र लगे र कोठा देखाए ।

कपडाहरू छन् प्रसस्तै तर मैला अनि थाङ्नाजस्ता हेर्दै पनि दिगमिग लाग्ने । वरिपरि भित्तामा अश्लील चित्रहरू कोरिएका छन् । फोहोरैफोहोर गरिएको छ । बाथरुम पनि फोहोर छ । चिप्लैचिप्लो लेउ लागेजस्तो सफा गरिएको पटक्कै छैन । तिनै कपडालाई तलमाथि गरेर राख्यौँ र सिरानी बनायौँ । मैले आफ्ना लागि ओढ्नका लागि च्यादर बोकिराखेको थिएँ । त्यसैलाई ओढ्ने बनाएँ । त्यो रात जेनतेन सुतियो ।

भोलिपल्ट बिहान उठ्यौ । शनिबार परेको छ । त्यो दिन सामान्य ढङ्गले बित्यो । बाहिर उनीहरूले सम्पर्क गर्न दिएका छैनन् । फोन गराउनुपऱ्यो भनेर जीवन्तजीले धेरैपटक भन्नुभयो । हुन्छ मात्रै भन्छन् तर गराउँदैनन् यस्तैमा त्यो दिन बित्यो । भोलिपल्ट आइतबार बिहानै मुद्दा फाँटमा बोलाइएको छ भनेर एकजना प्रहरीले खबर गर्न आयो । उसले अफिसको बिल्डिङको दोस्रो तलाको डीएसपीको कोठामा लिएर गयो । डीएसपीसँग मुद्दा फाँटका सई पनि थिए । दुवैले हात मिलाएर सम्मानजनक ढङ्गले कुरा गरे । उनीहरू डकुमेन्ट सबै लिएर जबाफका लागि तयारी भएर बसेका देखिन्थे । हातमा कागजहरू थिए । उनीहरू आक्रोशित नभैकन नरम तरिकाले कुरा गरेको बुझिन्थ्यो । सरकारले महासचिवलगायत १६ जनाका नाममा मुद्दा पहिले नै तयारी गरेको छ । यसमा तपाईंहरूले सही गरे पनि नगरे पनि खास केही फरक पर्दैन । सही गर्नुभए राम्रो हुन्छ बेवारिसे हुनुहुन्न । थुनुवापुर्जी र खानतलासीको पुर्जी दिइन्छ । सम्पर्क गर्न र भेटघाट गर्न सुविधा हुने भएकाले राम्रो हुने कुरा पनि राखे । हिजो ०५२ सालभन्दा पहिला भूठ्ठा मुद्दाको बाढी लगाएर जनयुद्ध गराउनुभयो । फेरि त्यही खेल दोहोऱ्याउनुभयो भनेर कुरा गर्दा नाजबाफजस्ता भए । डीएसपीले हैन, यो परिस्थिति आउनुमा प्रचण्ड र बाबुरामहरूले बुझ्न सकेनन् भन्ने तर्क गरे । मैले उनीहरूले बुझ्न नसकेको कुरा हैन, उनीहरूले नसकेर पुनः संसदीय व्यवस्थाको अगाडि आत्मसमर्पण गरेका हुन् । त्यसैले हामीले क्रान्तिको भन्डालाई उठाएका हौँ भनेपछि चुप लागे । हिजो १० वर्षको जनयुद्ध र ०६२/०६३ को जनआन्दोलन गरेर यत्रो १७ हजारको बलिदान भयो । देशमा के परिवर्तन भयो त नि ? भन्ने कुराहरू गर्दै गऱ्यौँ । उनीहरूले सुनी मात्र राखे । जीवन्तजीले पनि कुराहरू गर्नुभयो । उनीहरूले तपाईंहरूको सङ्घर्षको कारणले हाम्रा पुलिसहरू पनि धेरै चेतनशील भैसके भन्ने कुरा गरे डीएसपीले । मैले भित्तामा अश्लील चित्रहरू कोरिएको छ । त्यो मेटाइदिनुस् भनेँ । जीवन्तजीले झ्यालमा जाली च्यातिएको छ । अवैध काम हुन सक्छ । त्यसकारण बन्द गर्नुपऱ्यो भन्ने कुरा गर्नुभयो । चिया मगाए । पुर्जीहरू बुझ्यौँ त्यसपछि मैले मङ्गलजीसँग एकराज सरको फोन मागेँ किनकि कसैका नम्बर पनि कण्ठ थिएनन् । सँगसँगै मङ्गलजीलाइ पनि हामी दुईजनालाइ धुलिखेल ल्याएको छ भन्ने जानकारी गराएँ र डीएसपीसँग मोबाइल मागेर सबैभन्दा पहिले एकराज सरलाइ फोन गरेँ । उहाँले- ए तपाईंहरूको यतातिर व्यापक खोजाखोज भैराखेको छ । त्यता पुऱ्याएछ । के मुद्दा लगाएको छ ? भनेर सोध्नुभयो । मैले सङ्गठित अपराधको मुद्दा लगाएको छ भनेपछि लः म दिउँसो २ बजेतिर आइपुग्छु भन्नुभयो । अनि हामी आफ्नो कोठामा आयौँ ।

## सहिद दिवसका ...

हमला र घात भएको छ । तर सहिदका सपनाहरू आकाशमा चम्किने ताराजस्तै हुन् । जसलाई कसैले पनि छोप्न सक्दैन । पुँजीवादी दुनियाँको समाप्तिसँगै सहिदहरूका सपनाहरू मानवजीवनमा परिणत हुनेछन् ।

सहिदहरूका रगतद्वारा सिँचिएको क्रान्तिको मार्गमा केही घुम्ती र मोडहरू आए पनि, केही समय अवरुद्ध भए पनि, त्यो यस्तो गति हो जो न पछि फर्किनेछ न रोकिनेछ । त्यसले सबै बाधाव्यवधानहरूलाई पन्छाउँदै पुँजीवादलाई मिल्काउने गरी अगाडि बढ्नेछ र वैज्ञानिक साम्यवाद स्थापना गरिछाड्नेछ ।

भापा विद्रोह र महान् जनयुद्धका सहिदहरूको रगतमा तीनजना एकीकृत जनक्रान्तिका सहिदहरूको रगत थपिएको छ । हामी सहिद सप्ताहको गौरवपूर्ण क्षणमा महान् सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्दछौँ । उनीहरूलाई सम्मान व्यक्त गर्दछौँ । महान् सहिद परिवारलाई सम्मानसहित गहिरो समवेदना प्रकट गर्दछौँ । साथै महान् सहिदहरूका सुनौला सपना पूरा गर्न विजय नहुँदासम्म कम्युनिस्ट इमानदारीका साथ समर्पित हुने सङ्कल्प गर्दछौँ । महान् सहिद, महान् साम्यवाद र कम्युनिस्टहरूको विजयलाई कसैले पनि रोक्न सक्नेछैन ।

१४ फागुन, २०७५

## एनसेलको कारबाहीबारे

हाम्रो पार्टीले जनताको पसिनाबाट जम्मा हुने खर्बौं रुपैयाँ घोटाला गरिरहेको एनसेलमाथि प्रतिनिधिमूलक कारबाही गऱ्यो । कारबाही गर्दा परिस्थितिजन्य भवितव्यका कारण एक नागरिक सिंहप्रताप गुरुङको निधन हुन पुग्यो भने अरू दुईजना घाइते हुन पुग्नुभयो । त्यसपछि जेजस्ता प्रचार भएका छन्, स्पष्टताका लागि यो सङ्क्षिप्त आलेख तयार गरिएको छ ।

नेपालको अर्थतन्त्रमा एनसेलले लामो समयदेखि लुट मच्चाउँदै आएको आमजनतामा स्पष्ट नै छ । हालसम्म उसले सरकारी प्रमाणअनुसार पनि एक खर्बबराबर कर छली गरिरहेको छ भने खर्बौं मुनाफा विदेश पलायन गरिसकेको छ । पार्टीहरूलाई घूस ख्वाएर, नेताहरूलाई भ्रष्ट पारेर, कैयन् बेला न्याय क्षेत्रलाई समेत प्रभावमा पारेर आर्थिक भ्रष्टीकरणमा असीमित प्रकारले प्रोत्साहन दिएको छ । एनसेलले यस्तो नगरोस् र उसलाई उचित कारबाही हुनुपर्छ भनेर पार्टीले सुरुदेखि नै भन्दै आएको थियो । समस्या हल गर्नुको सट्टा उल्टो जनसरकार र पार्टीलाई धम्की दिने, प्रहरी प्रशासनलाई दुरुपयोग गर्ने, राज्यलाई टुप्पीमा समाएर आफ्नो स्वार्थमा घुमाउने गरेकाले जनताको मागअनुसार पार्टीले यो कारबाही गरेको हो । यो कारबाही एउटा चेतावनीकै रूपमा हो । उसले कमजोरी नसच्याएमा देशबाटै बर्खास्त गर्नु सही हुनेछ । कारबाहीका क्रममा नख्खुको विस्फोटमा निर्दोष नागरिक सिंहप्रसाद गुरुङको ज्यान गएको र दुईजना घाइते हुनुभएकोमा भने पार्टी गम्भीर भएको छ । कारबाहीमा कुनै नागरिकको ज्यानलाई क्षति नहोस् भन्नेमा पार्टी सचेत हुँदाहुँदै कारबाहीमा गुरुङजीको दुःखद् निधन हुनु र उरुषा मानन्धर र प्रतीक्षा खड्काहरू घाइते हुनु धेरै दुःखको कुरा हो । उहाँहरूको परिवारको दुःखामा संवेदना प्रकट गर्दछौँ । साथै, उहाँहरूको दुःखमा सक्दो सहयोग गर्ने प्रतिबद्धता पनि व्यक्त गर्दछौँ । आइन्दा कारबाहीमा यस्तो गल्ती हुन नदिन हामी हदैसम्म सतर्क हुनेछौँ भन्ने पनि अनुरोध गर्दछौँ । तर राज्य सरकारले परिस्थितिवश एकजना नागरिकको मृत्यु भएको दुर्घटनालाई बहाना बनाएर देशलाई असीमित घाटा पुऱ्याइरहेको एनसेलमाथि गरिएको न्यायपूर्ण कारबाहीलाई अपराधसँग जोड्न खोजेको छ र क्रान्तिकारीमाथि दमन गर्न खोजेको छ । अर्कोतिर कान्तिपुरले हाम्रो कारबाहीलाई हिंसात्मक, गैरकानुनी, अवैधानिक भन्दै यस्तो गर्न नपाइने, अस्वीकार्य भएको, राज्यको सुरक्षा प्रणाली कमजोर भएको, हामीलाई कारबाही गर्नुपर्ने भन्ने समाचार लेखेको छ भने नागरिकले चन्दा नदिएकाले बम हानेको भनेर समाचार छापेछ । यी सबै प्रचारहरू देश र जनताको अधिकार एवम् मुक्तिका लागि दिनरात खटिरहेका क्रान्तिकारीहरूलाई बदनाम गर्ने, दमन गर्ने, गराउने र एनसेलले गरेको खर्बौंको लुटलाई रक्षा गर्ने षड्यन्त्रसँग सम्बन्धित छन् । यसप्रति भने सबै नागरिकहरूको ध्यान जान आवश्यक छ ।

एनसेल केन्द्रीय कार्यालयमा गरिएको विस्फोट कसैको ज्यान लिनेसँग सम्बन्धित कारबाही थिएन र होइन । सिंहप्रतापको कुरै नगरौँ, एनसेल व्यवसायी र कर्मचारीसम्मलाई नै पनि निशानामा राखिएको थिएन । सम्भवतः यो कुरा युद्धमा भाग लिएका, सैन्य ज्ञान भएका, लडाइँको जानकारी राख्ने जोकसैले सहजै बुझ्ने कुरा हो । तथापि सिंहप्रतापको निधन हुनु र अन्य दुई नागरिक घाइते हुनु दुःखद् कुरा पक्कै हो । तर यो नितान्त परिस्थितिजन्य भवितव्य, कारबाही दललाई समेत अनुमान नभएको दुर्घटना भएकोलाई सबैले जस्ताको तस्तै बुझिदिनुपर्छ । मृतक र घाइतेप्रति के सहयोग गर्न सकिन्छ, त्यसमा हाम्रो पार्टी तयार नै छ । तर सरकारले जसरी एनसेलको खर्बबराबरको अपराधलाई सहायक बनाएर बम विस्फोट र मृत्युलाई मुख्य बनाउन खोजेको छ, यो एकदमै दुराशयपूर्ण एवम् षड्यन्त्रपूर्ण छ । यसपहिले विभिन्न सञ्चारमाध्यममा एनसेलले पार्टी, नेता र कर्मचारीलाई अर्बौं घूस खुवाएर करछली गरिरहेको, देशलाई लुट्दै उल्टै दम्भी फुर्ति हाँकिरहेको समाचार छापेकै थिए जो सत्य थिए । यसलाई बङ्ग्याएर हाम्रो पार्टीमाथि दमन गर्ने जुन खेल सरकारले चाल्दैछ, यो कमिसन खाइसकेका विभिन्न संस्था, व्यक्तिहरूको जनघाती, राष्ट्रघाती कुकर्मलाई ढाकछोप गर्ने र एनसेललाई बचाउने दुर्नियत मात्र हो । यसमा पार्टी एकरत्ति पनि विचलित हुनेछैन ।

अर्को कुरा, एनसेलमाथि कारबाही भएपछि सुरुमा नागरिक पत्रिकाले चन्दा नदिएकाले बम विस्फोट गराएको भन्ने अत्यन्त घृणित एवम् आपराधिक समाचार छाप्यो । यसप्रति पार्टी गम्भीर भएको छ । राजनीतिक पार्टी त्यो पनि दलाल पुँजीवादी सत्तालाई आमूल परिवर्तन गरेर वैज्ञानिक समाजवाद स्थापना गर्न चाहने पार्टीले चन्दा माग्ने नमाग्ने उसको पूर्ण अधिकार हो । त्यो मात्र होइन, जनसत्ता र जनसरकारसमेत बनिसकेको स्थितिमा नयाँ सत्ता र सरकारले कुनै पनि व्यवसायीलाई उसका समर्थक जनता र कार्यकर्तामा बजार चलाएबापत करसमेत तोक्ने अधिकार राख्छ । साथै एनसेलले जनसत्तालाई पनि उचित कर बुझाओस् भनेर जनसरकारले पनि आफ्नो नीति सार्वजनिक गरिसकेको हो । तर चन्दाको कुरामा एनसेलले जनता र देशका विरुद्ध गरेको खर्बौंको आर्थिक घोटाला, पुँजी पलायनलाई सघाउ पुऱ्याउने गरी नागरिकले विषयान्तर गर्नु, त्यसमा पनि क्रान्तिकारी पार्टीलाई अवराधीजस्तो प्रचार गर्नु एनसेलको मतियारको चरित्र होइन ! नागरिकले यस्तो अपराधलाई रक्षा गर्ने र राष्ट्रका पक्षमा सङ्घर्ष गर्ने शक्तिलाई अपराधी भन्न खोज्ने हो भने स्थिति के हो र के हुने हो ?



त्यसैगरी, १३ गते कान्तिपुरले कर छली गर्नेलाई कारबाही गर्ने कानुनी निकाय छन्, अवैध तरिका र हिंसात्मक कारबाही स्वीकार्य हुन सक्दैन भनेर हाम्रो पार्टीविरुद्ध कारबाहीको माग गरेर समाचार र सम्पादकीय लेखेछ । कान्तिपुर कैलाश सिरोहियाले चलाएको, भारतको योजनामा प्रचार गर्ने र पैसा कमाउने पत्रिकामा बदनाम हुँदै गएको छ । यसले नै हो एनसेलका विरुद्ध भ्रष्टाचार र कर छली गऱ्यो भनेर अभियान चलाएको । त्यसबेला पनि प्रचार आएको हो । कान्तिपुरले माग गरेको करोडौँ एनसेलले नदिएपछि कान्तिपुर एनसेलविरुद्ध धोती कसेर निस्किएको हो । घटनाले के साबित गर्दैछ भने एनसेलले कान्तिपुरको मुखमा सायद गुलियो चटाइदिएको छ । त्यही गुलियोको स्वादमा उसले को वैध र को अवैध, कसलाई कारबाही गर्ने अधिकार छ र कसलाई छैन, कुन कारबाही स्वीकार्य छ र कुन छैन भनेर बकबक गर्न पुगेको छ । कान्तिपुर, नागरिकले के बुझ्नु राम्रो हुन्छ भने हाम्रो पार्टीको कारबाही करछली र भ्रष्टाचारको पैसा बाँडी खान नपाएको झोकमा पत्रिका रङ्ग्याउने र भाग पाएपछि कालोलाई सेतो र सेतोलाई कालो लेखेजस्तो मिडिया तस्करी गर्ने धन्दा होइन । प्रायः पार्टी, नेताहरूले पैसा खाएर एनसेल, ठूलो जहाज, बुढीगण्डकी, माथिल्लो कर्णाली, अरुण तीनलगायत दर्जनौँ राष्ट्रघाती कार्यमा प्रायः पार्टी र उनीहरूका नेताहरूले अर्बौं, करोडौँ खाएर मुखमा बुजो लगाएर बसेको कान्तिपुर र नागरिकलाई थाहा छैन !? अनि उनीहरूबारे केही व्यङ्ग्य गरेर आफ्नो स्वार्थ पूरा गर्न मात्र मिल्छ ? 'जो मूली उही सूली' भएपछि तिनलाई कारबाही कसले गर्ने हो त ? उनीहरूको जनघाती, राष्ट्रघाती कार्यले देश र जनतालाई पुऱ्याएको क्षतिप्रति को जबाफदेही हुन्छ ? के देश नै डुब्दा पनि पत्रिकाको प्रचार सुनेर चुपचाप दुलोमा लुकेर सम्भव हुन्छ !

बीबीसीले प्रश्न गर्दा सोध्यो कि दुःख व्यक्त गरेर, गल्ती भयो भनेर गएको ज्यान फिर्ता आउँछ ? हाम्रो भनाइ ज्यान फिर्ता आउँछ, ज्यान जानु ठूलो कुरा होइन, जे भयो होस् भन्ने कदापि होइन । हामीले कमजोरीहरूलाई सच्याउनैपर्छ तर बीबीसीले पनि के बुझ्न जरुरी छ भने एनसेलले नेपाली जनताको खर्बौं पैसा लुट्दा, भ्रष्ट तत्वहरूले देशमाथि दर्जनौँ राष्ट्रघात गर्दा कति नेपालीको जीवन गयो ? एकजना होइन, हजारौँको ज्यान गएको छ, हाम्रो त दुःखद् दुर्घटना हो तर एनसेल र भ्रष्ट तत्वहरूको त हाकाहाकी हमला हो, के ती गरिब नेपालीको ज्यान फिर्ता आउँछ त ?! के देश नै बर्बाद भयो अनि देश फर्केर आउँछ त ? सारा देश टाट पल्टिँदा के फर्केर आउँछ त ? पक्कै पनि आउँदैन । हामी देश र जनताप्रति पूरै इमानदार छौँ र क्रान्ति केवल उनीहरूकै लागि हो । सङ्घर्षमा केही गल्ती हुन्छन् भने त्यसलाई सच्याउँछौँ तर के एनसेल र भ्रष्ट तत्वहरू देश र जनताप्रति इमानदार छन् ? के उनीहरूले जानीबुझी अपराध गरिरहेका छैनन् ? अनि वास्तविक अपराधीभन्दा हामीलाई समस्या बनाउन मिल्छ ? हामी प्रस्ट भन्छौँ, जसले जे भने पनि अपराधीलाई छूट दिँदैनौँ र दिनु हुँदैन । कारबाही एनसेललाई मात्र होइन, त्यसलाई संरक्षण गर्ने, ऊसँग साँठगाँठ गर्नेलाई पनि हुनुपर्छ । यसमा सबै सचेत भए हुन्छ । फेरि पनि हाम्रो प्रतिबद्धता छ- देशलाई लुट्ने र जनताको रगतमाथि भ्रष्टाचार गर्ने तत्वहरूलाई कडा दण्ड दिनुको विकल्प जनतासँग छैन । दलाल पुँजीवादी सत्तालाई समाप्त पार्नु र वैज्ञानिक समाजवाद स्थापना गर्नु सभ्य नागरिकहरूको अधिकार हो ।

१२ फागुन, २०७५

# नेकपाद्वारा रूपन्देहीका सहिद तथा बेपत्ता परिवारलाई अभिनन्दन

■ **रातो खबर संवाददाता**/बुटवल

नेपाल कम्युनिस्ट पार्टी रूपन्देहीले जनयुद्धका सहिद तथा बेपत्ता परिवारलाई अभिनन्दन गरेको छ । सहिद स्मृति पार्क बनबाटिकामा सम्पन्न अभिनन्दन कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल कम्युनिस्ट पार्टीका पोलिटब्युरो सदस्य तथा लुम्बिनी ब्युरो इन्चार्ज चन्द्रबहादुर चन्द 'वीरजङ्ग' ले सहिदहरूलाई स्मरण गर्दा जनयुद्धकालमा लडेका भीषण मोर्चाहरूमा गरेको विजयको सम्झना आउने बताए । जनयुद्धका नेतृत्वहरूले जनताका सपना र सहिदहरूको बलिदानलाई खेर फालेको भन्दै ती सपना पूरा गर्न एकीकृत जनक्रान्तिको मोडेल आफ्नो पार्टीले अगाडि सारेको बताए । एनसेलले ७२ अर्ब रुपैयाँ कर नतिर्दा केही नहुने तर सामान्य जनताले १ रुपैयाँ पनि कर छुट किन नपाउँदै भन्ने प्रश्न गर्दै वीरजङ्गले भने 'एनसेलले तत्काल कर नतिरे झन् ठूलो कारबाही हुनेछ ।'

अबको क्रान्तिमा सहिद तथा बेपत्ता परिवारको महत्वपूर्ण भूमिका रहनुपर्नेमा उनले जोड दिए । नेता वीरजङ्गले आफ्नो पार्टीले देशव्यापी रूपमा सहिदहरूको सम्झनामा स्मृति पार्कहरू निर्माण गर्दै सहिदको बलिदानलाई उच्च मूल्याङ्कन गर्ने बताए । कार्यक्रममा सहिद नवराज सिमखडाकी श्रीमती एवम् सहिद परिवार समाज लुम्बिनीकी संयोजक जया पौडेलले सबै सहिद परिवार एकै ठाउँमा हुनुपर्ने र आगामी क्रान्तिकारी नेतृत्व गर्नेलाई साथ दिनुपर्ने बताइन् । हिजो मुक्तिको सपना देखाउने नेताहरूले आज गद्दारी गरेको भन्दै आफन्तहरूले आजको जस्तो अवस्था देख्नका लागि बलिदान दिएको नभै क्रान्ति पूरा गरेर जनताको व्यवस्था ल्याउनका लागि लडेको भन्दै सहिद सपना पूरा गर्ने अभियानमा रहेको पार्टीलाई साथ दिन सहिद परिवारहरूलाई आग्रह गरिन् ।

नेकपाका जिल्ला इन्चार्ज शरद ओलीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन शिशिर जीसीले गरेका थिए भने जितबहादुर रसाइलीले स्वागत भाषण गरेका थिए । अभिनन्दन कार्यक्रममा ५२ जना सहिद तथा बेपत्ता परिवारका सदस्यहरू सहभागी थिए । १० बर्से जनयुद्धका क्रममा रूपन्देहीबाट ६४ जना सहिद भएका थिए भने ५ जना बेपत्ता भएका थिए ।

# सहिद सप्ताहमा भलिबल प्रतियोगिता

■ **रातो खबर संवाददाता**/बैतडी

सहिद सप्ताहको अवसर पारेर नेपाल कम्युनिस्ट पार्टी निकट युवा सङ्गठन नेपाल महाकाली ब्युरोले बैतडीको पुर्चौंलीहात नगरपालिका कमल विशाल सहिद पार्कमा खुला भलिबल प्रतियोगिता आयोजना गरेको छ । फागुन १४ गते सहिद सप्ताहको पहिलो दिनबाट सुरु भई १७ गतेसम्म सञ्चालन भएको खुला भलिबल प्रतियोगितामा १७ वटा टिमले भाग लिएका थिए । प्रतियोगितामा आयोजक टिम युवा सङ्गठन नेपाल महाकाली ब्युरो प्रथम भएको छ भने दोस्रो स्थानमा युवा सङ्गठन नेपाल बैतडी जिल्ला समिति, तेस्रोमा नेपाल कम्युनिस्ट पार्टी (नेकपा) निकट पुर्चौंली नगरपालिका युवा सङ्घ र पाँचौँ स्थानमा गडाब पुस्तक पसल टिम रहेको थियो । प्रतियोगिताको अन्तिम दिन शुक्रबार समापन कार्यक्रम गरिएको थियो ।

कार्यक्रममा प्रथम हुने टिमलाई नगद १० हजार, सिल्ड, प्रमाणपत्र, दोसल्ला, मेडल प्रदान गरिएको छ । त्यस्तै दोस्रो हुनेलाई साढे ६ हजार नगद, सिल्ड, प्रमाणपत्र, मेडल, तेस्रोलाई नगद साढे ४ हजार, प्रमाणपत्र, मेडल र चौथो हुनेलाई १ हजार नगद, प्रमाणपत्र प्रदान गरिएको छ । प्रतियोगितामा उत्कृष्ट खेलाडी देवेन्द्र अवस्थी, अनुशासित खेलाडी गोविन्द विक र प्रतिभावान् तथा उदीयमान खेलाडी दीपेश बोहरालाई घोषित गरिएको छ । कार्यक्रममा महाकालीबाट खेलकुद जगत्मा महत्वपूर्ण योगदान पुर्‍याएकोमा भलिबलको राष्ट्रिय कोर्ट जगदीश भट्ट, सोही प्रतियोगिताका मुख्य रेफ्री सीपी जोशी, दानबहादुर साउदलगायत ४ जनालाई सम्मान गरिएको छ ।

युवा सङ्गठन नेपालका केन्द्रीय सदस्य तथा महाकाली ब्युरो इन्चार्ज श्याम भट्टको अध्यक्षतामा शुक्रबार भएको समापन कार्यक्रममा प्रमुख अतिथि युवा सङ्गठन नेपालका केन्द्रीय उपाध्यक्ष दिनेश विक थिए भने विशेष अतिथि नेपाल कम्युनिस्ट पार्टी महाकाली ब्युरो सदस्य पुकार, पार्टीका बैतडी जिल्ला इन्चार्ज वासुदेव जोशी, सेक्रेटरी दानसिङ कुँवर, मुख्य रेफ्री सीपी जोशी, युवा सङ्गठन नेपालका केन्द्रीय सदस्य भुवन कुवरलगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा बोल्ने वक्ताहरूले अहिलेको दलाल संसदीय व्यवस्थाले खेलप्रेमी युवाहरूलाई राम्रो व्यवस्थापन र रेखदेख गर्न नसकेको बताएका छन् । अरू क्षेत्रजस्तै खेलकुदमा पनि भ्रष्टाचार भइरहेको भन्दै भ्रष्टाचारका विरुद्ध सबै युवा खेलाडी लाग्नुपर्ने खाँचो औंल्याएका छन् । खेलाडी युवाहरूको उचित व्यवस्थापन र खेल जगत् विकासका लागि अब वैज्ञानिक समाजवादी व्यवस्था आवश्यक भएको भन्दै त्यसको प्राप्तिका लागि एकीकृत जनक्रान्ति सम्पन्न गर्न लाग्नुपर्ने बताए ।

# एनसेललाई देशबाटै लखेट्नुपर्छ : पुन

■ **रातो खबर संवाददाता**/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य चिरन पुन 'मिलन' ले दूरसञ्चार प्रदायक कम्पनी एनसेललाई नेपालबाटै लखेट्नुपर्ने बताएका छन् । नेकपाको सङ्गठन सुदृढीकरण तथा विस्तार अभियानअन्तर्गत रुकुमको त्रिवेणी गाउँपालिका १ रुघामा भएको जनसभालाई सम्बोधन गर्दै उनले एनसेलले राज्यलाई तिर्नुपर्ने अर्बौं कर नतिरेको भन्दै उसलाई देशबाटै लखेट्नुपर्ने बताएका हुन् ।

पुनले भने 'एनसेल विदेशी कम्पनी हो । अर्बौं राजस्व नतिरेर नेपाली जनतालाई लुटिरहेको छ ।' सरकारी स्वामित्वको नेपाल टेलिकमलाई डुबाएर एनसेल चम्किएको बताउँदै पुनले नेपाल टेलिकमलाई नै व्यवस्थित बनाउनुपर्ने धारणा राखे । उनले भने, 'केही दलाल नेताहरूले एनसेलको पक्षपोषण गरिरहेका छन् । उनीहरूले एनसेलबाट कमिसन खाएर बचाउ गरिरहेका छन् ।'

अदालतले गरेको निर्णय सरकारले कार्यान्वयन नगरेको भन्दै उनले सरकारभित्र ठूलो कमिसनको खेल भएको बताए । जनसभालाई नेकपाका केन्द्रीय सदस्य तथा रुकुम जिल्ला इन्चार्ज अटलले पनि सम्बोधन गरेका थिए । त्रिवेणी गाउँ समिति सेक्रेटरी छविलाल घर्तीले सञ्चालन गरेको कार्यक्रमको अध्यक्षता रुकुमका पुराना वामपन्थी नेता बालकृष्णले गरेका थिए । कार्यक्रममा जलजला सांस्कृतिक परिवारले कार्यक्रम प्रस्तुत गरेको थियो ।

यसैबीच नेकपाले रुकुममा सङ्गठन विस्तार अभियानलाई पनि तीव्रता दिएको छ । अभियानका क्रममा त्रिवेणी गाउँपालिका १ मा रमेश मल्लको अध्यक्षतामा ७ सदस्यीय वडास्तरीय युवा सङ्गठन निर्माण भएको छ । यस्तै सानो भेरी गाउँपालिकाको ८ नम्बर वडामा टीकाराम ओली सेक्रेटरी रहेको ९ सदस्यीय वडा समिति गठन भएको छ भने विजय विकको संयोजकत्वमा ७ सदस्यीय युवा सङ्गठन, पञ्चाराम डीसीको संयोजकत्वमा ५ सदस्यीय किसान सङ्गठन पनि बनेको नेकपाले जनाएको छ । यस्तै भिमी विकको संयोजकत्वमा ५ सदस्यीय महिलाको एकाइ समिति र कर्णवीर विकको संयोजकत्वमा ५ सदस्यीय दलितको एकाइ समिति पनि गठन भएको नेकपा रुकुमले जनाएको छ ।

# क्रान्तिकारी ट्रेड युनियन महासङ्घ सङ्गठन विस्तारमा

■ **रातो खबर संवाददाता**/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीले सञ्चालन गरेको सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान २ कै क्रममा अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घ उपत्यका मजदुर विशेष ब्युरोले सङ्गठन विस्तारमा थप तीव्रता दिएको छ ।

अभियानरत होटेल टिमले काठमाडौं, ललितपुर र भक्तपुरस्थित बर्जर पेन्ट इन्टरनेसनलमा कार्यरत मजदुरहरूसँग छलफल गरी शनिबार उपत्यकास्तरीय मूल एकाइ समिति गठन गरेको छ ।

कार्यक्रममा अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घका केन्द्रीय सदस्य तथा होटेल टिमका प्रमुख अभियन्ता ईश्वर बुढाथोकी, महसङ्घका केन्द्रीय सदस्य सरोजप्रसाद न्यौपाने, महासङ्घकै प्रमुख पेसागत घटक सङ्घ अखिल नेपाल क्रान्तिकारी सङ्घसंस्था श्रमिक सङ्घका केन्द्रीय सदस्य राम घिताडलगायतको उपस्थिति थियो ।

प्रतिष्ठानले मजदुरहरूलाई विभिन्न प्रकृतिका काममा लगाउँदा हालसम्म पनि प्रचलित श्रम ऐनबमोजिम न्यूनतम् रूपमा रोजगार सम्झौतासमेत नगराएको पाइएको र बर्जरले श्रमिकहरूको श्रमशोषण गरेको मजदुर नेताहरूले बताएका छन् ।

कार्यक्रममा मजदुरहरूको उल्लेख्य उपस्थितिका बीच नरेन्द्र बोहोराको अध्यक्षतामा २३ सदस्यीय उपत्यकास्तरीय मूल एकाइ समिति गठन गरिएको अभियन्ता बुढाथोकीले बताएका छन् । नवनिर्वाचित श्रमिकहरूलाई बधाई तथा शुभकामना दिँदै अतिथिहरूले वैज्ञानिक समाजवाद स्थापनाका निम्ति आआफ्नो स्थानबाट सशक्त भूमिका निर्वाह गर्न अपिल गरेका थिए ।

नवनिर्मित मूल एकाइ समितिमा अध्यक्ष नरेन्द्र बोहोरा, उपाध्यक्ष गणेश खत्री, सचिव माधव थापा, कोषाध्यक्ष इन्द्र कुमाल, सदस्यहरूमा गनबहादुर कार्की, विशाल तामाङ, गोविन्द थापा, शम्भु काफ्ले, सुजन मैनाली, दीपेश देवकोटा, तुलबहादुर गुरुङ, दीपक तामाङ, महेश खत्री, तीर्थराज घिमिरे, विकास ठकुरी, नारायण ठकुरी, हरिबहादुर ठकुरी, राधाकृष्ण थापा, दिनेश विक, प्रेम गुरुङ, रुपेश तामाङ र रवि आछामी छन् ।

# क्रान्तिकारीका जिल्ला सदस्य गिरफ्तार

**काठमाडौं** : अखिल (क्रान्तिकारी) का बाँके जिल्ला सचिवालय सदस्य तथा कोहलपुर नगर एकाइ अध्यक्ष सुनिल बटालालाई प्रहरीले गिरफ्तार गरेको छ । उनलाई सङ्गठनको कामको सिलसिलामा शनिबार गिरफ्तार गरिएको अखिल (क्रान्तिकारी) बाँकेले जनाएको छ ।

नेपाल कम्युनिस्ट पार्टी निकट उक्त सङ्गठनले बटालालाई अपहरणशैलीमा बिनाकारण प्रहरीले गिरफ्तार गरेको भन्दै आफ्नो सङ्गठनको गम्भीर ध्यानाकर्षण भएको बताएको छ । अखिल (क्रान्तिकारी) का जिल्ला अध्यक्ष मदन चन्देले शनिबार प्रेसविज्ञप्ति प्रकाशित गरी उक्त गिरफ्तारीको निन्दा गरेका छन् । उनले विज्ञप्तिमा भनेका छन्, 'नेपालको शिक्षामा भएको निजीकरण, व्यापारीकरण, दलालीकरण र माफियाकरणको पूर्ण रूपमा अन्त्य गर्दै सार्वजनिक शिक्षालाई सबै जनताका छोराछोरीहरूको पहुँच र गुणस्तर वृद्धि गर्ने अभियानमा लागेका क्रान्तिकारी विद्यार्थी नेताको गिरफ्तारीले केपी सरकारको जनविरोधी तथा राष्ट्रघाती चरित्र उदाङ्गो भएको छ ।'

चन्देले वर्तमान शिक्षाको विकल्पमा वैज्ञानिक समाजवादी शिक्षा प्राप्तिको अभियानमा लाग्दै गर्दा गिरफ्तार भएका बटालालाई बिनासर्त यथाशीघ्र रिहा गर्न जोडदार माग गरेका छन् ।

## तीन बिघा बाह्र कट्ठा जग्गा कब्जा

■ **सर्गम श्रेष्ठ**/झापा

नेपाल कम्युनिस्ट पार्टी कोसी ब्युरोले सुनसरी जिल्ला इटहरी उपमहानगरपालिकामा ज्योति प्रसाईंको तीन बिघा बाह्र कट्ठा खेतीयोग्य जमिन जालझेल गरी सुनसरी बर्जु बस्ने जग्गा दलाल लीलबहादुर नेपालले चक्लाबन्दी गरी बिक्री गर्न खोजेपछि कब्जा गरेको छ ।

सुनसरी जिल्ला पार्टीले ज्योति प्रसाईंलाई जग्गा फिर्ता गर्न आग्रह गर्दा अटेर गरी बेचबिखन गरेको गुनासो ब्युरो पार्टीमा पुगेपछि ब्युरोले पुनः कब्जा गरेको खबर प्राप्त भएको छ ।

# नेकपा निकट काठमाडौं–दैलेख जनगणतान्त्रिक सम्पर्कमा प्रेम

नेपाल कम्युनिस्ट पार्टी निकट काठमाडौं–दैलेख जनगणतान्त्रिक सम्पर्क समितिको तेस्रो सम्मेलन सम्पन्न भएको छ । काठमाडौंको सामाखुसीमा सम्मेलनले प्रेम विकको अध्यक्षतामा १३ सदस्यीय कार्यसमिति चयन गरेको छ ।

समितिको उपाध्यक्षमा प्रकाश थापा, सचिव पृथ्वी थापा र कोषाध्यक्षमा लोकेश नेपाली चयन भएका छन् । समितिका पूर्वअध्यक्ष प्रकाश तिरुवाको अध्यक्षतामा सम्पन्न सम्मेलनका प्रमुख अतिथि जनगणतान्त्रिक समन्वय समितिका उपाध्यक्ष सुरेश अधिकारी थिए । अधिकारीले नयाँ कार्यसमितिलाई शुभकामना दिँदै दैलेखबाट काठमाडौं आएर बसोबास गर्ने दैलेखीलाई एकै ठाउँमा उभ्याउन र सबैसँग हातेमालो गर्दै जनताको अधिकार प्राप्तिको लडाइँमा गोलबद्ध हुन आह्वान गरे । सम्मेलनमा जनगणतान्त्रिक समन्वय समितिका सचिव पूर्ण श्रेष्ठलगायतको उपस्थिति थियो ।

# रामेछापका सहिद परिवारलाई सम्मान

**रामेछाप**

नेपाल कम्युनिस्ट पार्टीको सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान २ पूर्वी तामसालिङ ब्युरोअन्तर्गत रामेछाप जिल्लामा घनीभूत तरिकाले चलेको छ । जवस, मोर्चा र पार्टी एकाइ समिति गरी एक सयभन्दा माथि सङ्गठन निर्माण भएको छ भने दस हजारभन्दा धेरै जनतासँग प्रत्यक्ष छलफल र अन्तरक्रिया भएको जानकारी अभियानकी कमान्डर आस्थाले दिएकी छिन् ।

अभियानका क्रममा तीन सयभन्दा धेरै ठाउँमा वालपेन्टिङ गरिएको छ भने केन्द्रीय र ब्युरोस्तरीय पर्चा ४५००० वितरण गरिएको जानकारी प्राप्त भएको छ ।

जिल्लाबाट प्राप्त जानकारीअनुसार सहिद सप्ताह भव्य रूपमा सम्पन्न गरिएको छ । साथसाथै घाइते, अपाङ्ग र बेपत्ता परिवारसँग प्रत्यक्ष भेटघाट भएको छ । अभियानको नेतृत्व पार्टी केन्द्रीय सदस्य आस्थाले गरेकी छिन् । अभियानमा विभिन्न जिल्लाबाट आएका पार्टीका जिम्मेवार नेता र कार्यकर्ता पनि जोडिएको समाचारमा जनाइएको छ ।

सहिद सप्ताहका क्रममा सहिद परिवारलाई भव्य अभिनन्दन गरिएको छ । सहिद परिवारका तर्फबाट गुन्जनले भने, 'क्रान्तिको नेतृत्व गर्ने व्यक्तिहरू आत्मसमर्पण गरेपछि सहिद परिवारहरू निराश भएका थिए तर युवा नेता विप्लवको नेतृत्वमा एकीकृत जनक्रान्ति अगाडि बढेपछि आशा पलाएको छ । अब पक्कै धोका हुँदैन । सहिदको सपना साकार हुन्छ । बाँकी रहेको क्रान्ति पूरा हुन्छ ।'

# मलेसियाका युवाहरू एकीकृत जनक्रान्तिका पक्षमा

■ **समर्पण भट्टराई**, मलेसिया

नेपाल कम्युनिस्ट पार्टी निकट नेपाली जनप्रगतिशील मोर्चा मलेसियाले सङ्गठन विस्तारकार्यलाई अघि बढाएको छ । मलेसियाको राजधानी क्वालालम्पुरमा सम्पन्न भेलाले हुकुम केसीको नेतृत्वमा ११ सदस्यीय क्वालालम्पुर क्षेत्रीय समिति निर्माण गरेको छ । सङ्गठनको उपाध्यक्ष कमल थापा, महासचिव नारायण खत्री, कोषाध्यक्ष श्यामबहादुर लामा रहेका छन् भने सदस्यहरूमा सञ्जयकुमार महतो, विनयराम पुरी, चन्द्र थापामगर, कृष्ण श्रेष्ठ, भोला उप्रेती, सिजल तमु, बैँसबहादुर चौधरीलगायत छन् ।

कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टीका मलेसिया संयोजक महेश ओली प्रमुख अतिथि थिए भने विशेष अतिथि जनप्रगतिशील मोर्चाका अध्यक्ष विजय लामा, उपाध्यक्ष तुफान र महासचिव सन्दीप थिए । मोर्चाका अध्यक्ष लामाले मजदुरहरूको समस्या समाधानका निम्ति युवाहरू सङ्गठित र एकताबद्ध हुन आवश्यक रहेकोमा जोड दिए । कार्यक्रममा प्रमुख अतिथि पार्टी संयोजक महेशले नेपाली क्रान्तिका निम्ति सम्पूर्ण प्रगतिशील, वामपन्थी युवा एकजुट हुन आवश्यक रहेको बताए । सङ्गठनका महासचिव सन्दीपले नेपाली समाज वैज्ञानिक समाजवादको धरातलमा प्रवेश गरिसकेको एकीकृत जनक्रान्तिलाई सफल बनाउन सबै एकजुट हुनुपर्ने बताए । यसअघि मलेसियाका पेनाङ र जोहोरमा पनि क्षेत्रीय समितिहरू निर्माण भैसकेको जनाइएको छ ।

# सहिद तथा बेपत्ता योद्धा परिवारलाई सम्मान

**काठमाडौं** : नेपाल कम्युनिस्ट पार्टी काठमाडौंले सहिद तथा बेपत्ता योद्धाका परिवारलाई सम्मान तथा अभिनन्दन गरेको छ । शनिबार काठमाडौंमा सम्पन्न सम्मान कार्यक्रममा सहिद तथा बेपत्ता योद्धा परिवारका केन्द्रीय अध्यक्ष एकराज भण्डारी प्रमुख अतिथि थिए भने काठमाडौं जिल्ला सेक्रेटरी भृकुटी विशेष अतिथि थिइन् । कार्यक्रममा १२ जना सहिद तथा बेपत्ता योद्धा परिवारलाई अभिनन्दन गरिएको थियो । कार्यक्रमका वक्ताहरूले विप्लवले नेतृत्व गरेको नेकपाले सहिद तथा बेपत्ता योद्धा परिवारले देखाएको बाटो नभुलेको भन्दै अब नेकपाले अगाडि सारेको एकीकृत जनक्रान्ति हुँदै वैज्ञानिक समाजवाद स्थापना भएपछि मात्र सहिदहरूका सपना र उद्देश्य पूरा हुने विश्वास गरेका थिए ।

## अखिल (क्रान्तिकारी) अछामको अध्यक्षमा बीसी

**अछाम** : अखिल (क्रान्तिकारी) अछामको १४ औं जिल्ला सम्मेलन सम्पन्न भएको छ । 'शैक्षिक माफिया दलाल र भ्रष्टहरूका विरुद्ध हाम्रो आन्दोलन ! वैज्ञानिक शिक्षा प्राप्तिका लागि १४ औं सम्मेलन !!' मूल नाराका साथ सम्पन्न सम्मेलनले रमेश बीसीको अध्यक्षतामा २५ सदस्यीय जिल्ला कार्यसमिति चयन गरेको छ ।

सङ्गठनको उपाध्यक्षमा उपेन्द्र विक र मोहनसिंह धामी, सचिवमा ऐकेन्द्र नाथ, सहसचिवमा दीपेन्द्र जैगडी, कोषाध्यक्ष सुरेश रावतलगायत चयन भएका छन् । आइतबार सम्पन्न सम्मेलनमा अखिल (क्रान्तिकारी) केन्द्रीय कोषाध्यक्ष नरेन्द्र विक, केन्द्रीय सदस्यहरू हर्क विक, झलक विकलगायत उपस्थित थिए ।

# कर्णालीमा नेकपाको अभियान

**कालीकोट**

नेपाल कम्युनिस्ट पार्टीको सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान २ कर्णालीमा पनि भव्य तथा सानदार रूपमा सञ्चालन भइरहेको अभियात्रीहरूले बताएका छन् । कालीकोट, अछाम, दैलेख, सल्यान, रुकुम, दाङ, कञ्चनपुर, कैलालीलगायत जिल्लामा अभियान घनीभूत बनिरहेको नेकपाले जनाएको छ ।

अभियान टोलीले कालीकोटमा मात्र एक सयभन्दा बढी सङ्गठन निर्माण गरेको नेकपा कालीकोटले जनाएको छ । अभियान टोलीले जिल्लाका हरेक गाउँगाउँ पुगेर व्यापक छलफल र भेटघाट गरिरहेको जानकारी जिल्ला सेक्रेटरी रणदीप ऐडीले दिएका छन् ।

# सहिद सप्ताह, झापा विद्रोह र सुखानी हत्याकाण्ड



अशोक सुवेदी

नेपालको क्रान्तिकारी राजनीतिक आन्दोलनमा झापा विद्रोह (सुखानी हत्याकाण्ड) र जनयुद्ध दुवै विद्रोहको महत्व कम छैन । दोस्रो विद्रोह अर्थात् जनयुद्धको जग पहिलो विद्रोह अर्थात् झापा विद्रोह नै थियो । पहिलो विद्रोहको प्रभाव भने चिनियाँ भूमिमा कमरेड माओ त्सेतुङले आरम्भ गर्नुभएको सांस्कृतिक क्रान्ति र भारतको नक्सलबाडीमा कमरेड चारु मजुमदारले आरम्भ गर्नुभएको सशस्त्र विद्रोह थिए । मूल नेतृत्वले झापा विद्रोह, त्यसको तरङ्ग र प्रभावलाई बेवारिसे बनाइदियो अर्थात् झापा विद्रोहको अवस्था एउटी कुमारी आमाले अवैध यौनसम्बन्धबाट रहेको गर्भलाई लोकलाजका डरले सिस्नोको झाङमा फालिदिएर अर्कोसँग अवैध सम्बन्ध कायम गरेझैँ फालिदियो वर्गदुस्मनसँग मिल्न पुग्यो । दोस्रो विद्रोहको मूल नेतृत्व साह्रा नेता, कार्यकर्ता, सहिद परिवार, बेपत्ता योद्धा, तिनका आफन्त, घाइते अपाङ्ग र जनता सबैको आशामा तुसारापात गर्दै वर्गयुद्धको बाटोबाट कथित शान्तिको बाटोमा कुलेलम ठोक्यो र वर्गदुस्मनको टाङमुनि छिर्न पुग्यो । सकारात्मक घटनाबाट विकसित नकारात्मक परिणतिको गर्भबाट फेरि अर्को जनविद्रोहको विकास र अभ्यास भइरहेको छ एकीकृत जनक्रान्ति । आज फेरि क्रान्तिकारी कम्युनिस्टहरू झापा विद्रोहका सहिदहरू र जनयुद्धका सहिदहरूको चिहान खोतलेर नयाँ विद्रोह अघि बढाइरहेका छन् । महान् विचारक कार्ल मार्क्सले भन्नुभएको छ- आफ्नो वर्गलाई फाइदा हुने हदसम्म क्रान्तिकारीहरूले चिहान पनि खोतल्नुपर्छ र हाडखोरहरू पनि जम्मा गर्नुपर्छ । नेपाल कम्युनिस्ट पार्टी अहिले यिनै भग्नावशेषहरूमा एकीकृत जनक्रान्तिको जग तयार पारिरहेको छ र क्रान्ति अघि बढाइरहेको छ ।

यही सिलसिलामा हामी यतिबेला चिहानबाट सुखानी हत्याकाण्डका महान् सहिदहरू रामनाथ दाहाल, नेत्र घिमिरे, वीरेन राजवंशी, कृष्ण कुइँकेल र नारायण श्रेष्ठका हड्डीहरू खोतलिरहेका छौँ । यतिबेला झापा विद्रोहका अगुवाहरू होइन, झापा विद्रोहका यिनै महान् सहिदहरूको गौरवशाली बलिदानले बोकिरहेको छ त्यस महान् विद्रोहको गौरवशाली इतिहास । झापा विद्रोह नेपालको क्रान्तिकारी कम्युनिस्ट आन्दोलनको इतिहासमा लाल अक्षरमा अङ्कित छ र रहिरहनेछ ।

… … …

२०२९ साल फागुन २१ गतेको मध्यरातको सुनसान समय । ऐतिहासिक झापा विद्रोहका क्रान्तिकारी योद्धाहरू : पूर्व कोसी प्रान्तीय कमिटीको झापा जिल्लाकै ४५ वर्ष काटिसकेका बौद्धिक योद्धा रामनाथ दाहाल, गरामुनिका जुझारु युवा नेता नेत्र घिमिरे, भर्खर एसएलसी उत्तीर्ण गरेका भर्भराउँदा क्रान्तिकारी युवा कृष्ण कुइँकेल र नारायण श्रेष्ठ अनि तत्कालीन सरकारमा पीडीओ अफिसर भइसकेका आदिवासी समुदायका भरपर्दा नेता तथा राजवंशी समुदायका विश्वासपात्र वीरेन राजवंशीलाई निरङ्कुश पञ्चायती सरकारले झापाबाट इलाममा जेल सार्ने बहानामा जिपमा राख्यो र झापाबाट इलामतिर हुइँक्यायो । जिप गुड्ने ठाउँसम्म जिपमा लागियो र झापा र इलामको सीमानिर पर्ने सुखानीको जङ्गलमा पुऱ्याएर ओरालियो । हतकडी लगाइएका र आँखामा पट्टी बाँधिएका झापा विद्रोहका नेताहरूलाई जङ्गलको अलि भित्रसम्म लगेर लाम लगाउँदै आत्मसमर्पणका लागि प्रस्ताव गरियो । ऊभन्दा ऊ कुनै पनि योद्धाले आत्मसमर्पण गर्नु त परै जाओस्, विद्रोहमा सामेल भएकोमा पश्चाताप र प्रायश्चितसमेत गरेनन् । त्यसपछि विद्रोहको राप र तापले पग्लिँदै गएका पञ्च शासकहरूले तिनका मतियारहरूलाई आदेश दिए- दोहोरो भिडन्त भन्दै पाँचैजनालाई एक चिहान बनाइदेऊ...। क्रान्तिकारी योद्धाहरू अन्तिम समयसम्म पनि गलेनन्, बरु गौरवशाली मृत्यु स्वीकार्न राजी भए । झापा र इलामका बीचको घनाजङ्गलको रातको सन्नाटा चिर्दै आततायीहरूले क्रान्तिकारी योद्धाहरूको शरीरका विभिन्न ठाउँमा गोली दागे । ढल्नै लाग्दा ती महान् योद्धाहरूले मालेमावाद जिन्दावाद, नयाँ जनवादी क्रान्ति लालसलाम, वर्गशत्रु खतम पारौँलगायत गगनभेदी नारा लगाएर सन्नाटालाई चिरे र बिदा भए ।




… … …

हो, नेपालको प्रगतिशील राजनीतिक आन्दोलन मात्र नभएर कम्युनिस्ट आन्दोलनकै पहिलो सशस्त्र विद्रोहका क्रान्तिकारी योद्धाहरूको यही विद्रोह र बलिदानको गाथा हो झापा विद्रोह ।

इतिहासमा कयौँ यस्ता घटनाहरू हुन्छन् जुन अगुवाहरूको बेइमानीका कारण अलपत्र वा बेवारिस हुन्छन् र त्यसको ऐतिहासिक महत्वको कार्यभार अरू कसैले लिनुपर्ने हुन्छ । नेपालमा दुरुस्तै नभए पनि केही मिल्दाजुल्दा दुईवटा यस्ता घटना भएका छन् : पहिलो, २०२८ सालमा भएको ऐतिहासिक झापा विद्रोह र दोस्रो, २०५२ सालबाट आरम्भ भएर करिब ११ वर्षसम्म सञ्चालनमा रहेको महान् जनयुद्ध । यति बेला यी दुवै विद्रोह अभिभावकविहीन बनाइएका थिए । नेपालको कम्युनिस्ट आन्दोलनमा तेस्रो पुस्ता भन्न मिल्ने स्तरबाट यसको स्वामित्व ग्रहण गर्ने र निरन्तरता दिने काम भइरहेको छ । अवसरवादीहरूले धुलोमा फ्याँकेको रातो झन्डा उठाएर अर्को क्रान्ति उठान गर्ने काम भइरहेको छ ।

राजनीतिक तरङ्गका हिसाबले यी दुवै राजनीतिक सन्दर्भले पृथक महत्व राख्छन् । पहिलो घटना एउटा क्षेत्रीय स्तरको पार्टीको पनि जिल्ला समितिले सञ्चालन गरेको थियो भने दोस्रो घटना राष्ट्रिय स्तरको सिङ्गो पार्टीले । नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासमा पहिलो घटना अर्थात् झापा विद्रोह वर्गसङ्घर्षको पहिलो र सङ्गठित विद्रोहको उठान थियो तर यसका सञ्चालकहरूको अपरिपक्वता, किंकर्तव्यविमूढता र आलोकाँचोपनका कारण उपलब्धि कम र क्षति बढी भएर टुङ्गियो तर त्यसको तरङ्ग भने आजसम्म जारी छ । अझ भनौँ यसका सञ्चालक वा अगुवाहरू नै आफैँले सञ्चालन




गरेको विद्रोहबाट विमुख भए र कालान्तरमा आफैँले आरम्भ गरेको विद्रोहलाई ‘उग्र वामपन्थी भड्काव’ देख्ने स्थानसम्म पुगेर संशोधनवादमा चुर्लुम्म डुबे । त्यस विद्रोहको स्वामित्व ग्रहण गर्न पनि लज्जाबोध गरिरहेका छन् हिजोका नायकहरू । पछिल्लो ऐतिहासिक राजनीतिक घटनाक्रम अर्थात् जनयुद्ध विश्वमै कम्युनिस्ट आन्दोलनले धक्का खाइरहेको समयमा आरम्भ भएको वसन्ते गर्जन थियो । राष्ट्रिय/अन्तर्राष्ट्रिय परिस्थिति अनुकूल बनाउँदै गरिएको यस राजनीतिक घटनाक्रममा हजारौँ योद्धा र जनसमुदायबाट बलिदान भयो । केही आंशिक राजनीतिक परिवर्तन पनि भयो तर त्याग, शौर्य, बलिदान, अपेक्षा र आवश्यकताअनुसारको रूपान्तरण नभईकनै मुख्य नेतृत्व पुच्छर लुकाएर दुस्मन क्याम्पतिर भाग्यो । प्रकारान्तरले दुवै राजनीतिक विद्रोहहरू असफलतामा टुङ्गिए । नेपाली समाजलाई मात्र नभएर विश्व-कम्युनिस्ट आन्दोलनलाई नै यी दुर्घटनाहरूले क्षति पुऱ्याए । यिनै घटनाहरूबाट पाट सिकेर यतिबेला नेकपाले एकीकृत जनक्रान्ति अघि बढाइरहेको छ ।

… … …

नेपाल कम्युनिस्ट पार्टी स्थापनाको एक दशक नपुग्दै २०१० को दशकको आरम्भमै तत्कालीन नेता मनमोहन अधिकारीले राजतन्त्र स्वीकार्छु भनेर राजा त्रिभुवनलाई बिन्तीपत्र हालेपछि नेकपामा गद्दारीको कालो इतिहास आरम्भ भयो । सोही दशकको उत्तरार्द्धमा नेकपाका तत्कालीन मुख्य नेतृत्व केशरजङ्ग रायमाझीले सिङ्गो नेकपालाई दरबारमा बुझाएर दलाली र गद्दारीको अर्को महापतनको बाटो रोजे । त्यसपछि नेकपामा विभाजनको शृङ्खला सुरु भयो । वर्तमानको सरकारी नेकपा अर्थात् इतिहासको झापाली समूहका नामले परिचित माले, कोअर्डिनेसन कमिटी र त्यसअघिको पू.को. प्रा.क. पनि त्यही विभाजनको एउटा सानो झुण्ड थियो ।

नेपालको कम्युनिस्ट आन्दोलनमा झापा आन्दोलन एक चर्चित घटना मानिन्छ । जसरी आज पूर्ण क्रान्तिकारी आन्दोलनबाट पलायन भएर संसद्वादी बनेका प्रचण्डहरुको आरम्भबिन्दु जनयुद्ध हो, त्यसैगरी अहिलेको संसद्वादी-सुधारवादी एमालेको प्रारम्भबिन्दु झापा विद्रोह हो । वास्तवमा तेस्रो महाधिवेशनपछि अनेक विचार शृङ्खला र समूहहरूमा विभाजित कम्युनिस्ट समूहहरूमध्ये तुलनात्मक रूपले क्रान्तिकारी धार बोकेको समूह तत्कालीन झापा विद्रोह थियो । तत्कालीन स्थितिमा त्यसका कमी-कमजोरीहरूलाई औंल्याउँदै यसलाई विकास गरेर लैजानुको साटो मोहनविक्रम सिंहले यसलाई ‘उग्रवामपन्थी भड्काव’ भनेर कडा आक्रमण गरे र यसको क्रान्तिकारीपनालाई भुत्ते पार्ने काम भयो । वास्तवमा झापा आन्दोलन एउटा क्रान्तिकारी स्पिरिटमा सुरु गरिएको थियो तर यो आन्दोलन नेकपाको सीमित कोसी प्रान्तीय कमिटीको निर्णय र तत्कालीन भाकपाको नेतृत्वमा नेपालको पूर्वी सीमासँग सीमाक्षेत्र जोडिएको नक्सलबाडीमा कमरेड चारु मजुमदारको नेतृत्वमा नक्सलबाडी विद्रोह भैरहेको थियो । यसै बेला चीनमा कमरेड माओको नेतृत्वमा नयाँ जनवादी क्रान्ति सम्पन्न भएको थियो । यी दुई मुलुकमा भएका घटनाहरूको प्रभावले झापा आन्दोलनको सुरुआत हुन पुग्यो तर आत्मनिर्भर र पूर्ण तयारीका साथ सुझबुझपूर्ण ढङ्गले गरिएको आन्दोलन भने थिएन । यो अलि आवेगमा, अलिक यान्त्रिकतामा सुरु गरिएको विद्रोह थियो ।

परन्तु नेपालको कम्युनिस्ट आन्दोलनमा यो नै जनवादी क्रान्तिका लागि राज्यसत्ताका विरुद्ध कम्युनिस्ट पार्टीका नाममा गरिएको पहिलो सशस्त्र विद्रोह थियो । यो घटनापछि यसका क्रान्तिकारी पहलकर्ताहरू बहुसङ्ख्यामा मारिए वा जेलमा परे । बाँकी रहेका केही क्रान्तिकारी स्पिरिट भएका युवा नेताहरू पछि विजातीय तत्वहरूको बहुमत हुन गई झापा आन्दोलनको क्रान्तिकारी स्पिरिटलाई संशोधन गर्न पुगे र २०३५ सालमा आएर माओविचारधारा मात्र छाडेनन्, यो समूहले झापा आन्दोलन गर्नु नै गल्ती भएको भनी पश्चाताप गर्दै शान्तिपूर्ण आन्दोलनबाट जाने निर्णय गऱ्यो । २०४२ मा पञ्चायतमा घुसपैठ गर्ने निर्णय गऱ्यो । पछि यो समूह २०४६ पछि संसद्वादी कम्युनिस्ट भएर एमालेको नामबाट देखापऱ्यो । यो अहिले नेपालको खुला संशोधनवादका रूपमा देखापरेको क्रान्तिवरोधी कम्युनिस्टधारा हो । पुष्पकमल दाहालको क्रान्तिकारी कम्युनिस्ट आन्दोलनबाट पलायनपछि यी दुवै समूहको कार्यदिशा दलाल पुँजीवादको सेवा गर्नु हो । त्यसैले दुवै सुधारवादी, पलायनवादी समूह एक बनेका छन् र क्रान्तिकारीविरुद्ध घोर दमन गरिरहेका छन् । देश र जनताविरुद्ध दलाल सत्ता सञ्चालन गर्नु यिनको मिसन हो । यसरी नेपालको कम्युनिस्ट आन्दोलनमा झापा विद्रोह र जनयुद्धको विशिष्ट योगदान रहेको छ । यही जगमा यतिबेला एकीकृत जनक्रान्ति सञ्चालनमा छ ।

यसरी आज पनि झापा विद्रोह, सुखानी हत्याकाण्ड हुँदै महान् जनयुद्धमा बलिदान गर्ने प्रथम सहिद दिलबहादुर रम्तेलको विद्रोहलाई जोड्नु भनेको निरन्तर क्रान्ति र ऐीकृत जक्रान्तिको माध्यमबाट वैज्ञानिक समाजवाद स्थापना गर्ने यात्रामा लामबद्ध हुनु हो । जनयुद्ध र जनविद्रोहहरूको करिब दस हजार महान् सहिदहरूले देखाएका विद्रोह, बलिदान र मुक्तिको बाटो नै क्रान्तिकारीहरूको सही बाटो हो ।

## शिक्षक सङ्गठनद्धारा प्रहरी दमनको विरोध



■ रातो खबर संवाददाता/काठमाडौं

पेसागत हकहितका लागि सङ्घीय तथा प्रादेशिक शिक्षा ऐन निर्माणका बखत पेसागत सङ्घ सङ्गठनसँग गरेको सम्झौता कार्यान्वयनका लागि दबाब दिन शिक्षकहरूले गरेको आन्दोलनमा प्रहरीले हस्तक्षेप गरेको भन्दै अखिल नेपाल शिक्षक सङ्गठनले विरोध गरेको छ ।

यही १९ गते राहत शिक्षक, विद्यालय कर्मचारी, अस्थायी, बालशिक्षिका तथा छूट करार शिक्षकहरूले गरेको जुलुस र शान्तिपूर्ण आन्दोलनमा प्रहरीले दमन गरेको भन्दै सङ्गठनले गिरफ्तारहरूको बिनासर्त रिहाइ र घाइतेहरूको निःशुल्क उपचारको माग गरेको छ । उक्त सङ्गठनमा महासचिव रमेश रूपाखेतीले सोमबार प्रेसविज्ञप्ति जारी गर्दै सबैखाले पेसागत सङ्गठनको आन्दोलनप्रति ऐक्यबद्धता व्यक्त गरेका छन् ।

आइतबार देशभरका अस्थायी शिक्षकहरूले विभिन्न माग राख्दै काठमाडौँमा प्रदर्शन गरेका थिए । अस्थायी शिक्षकलाई स्थायी बनाउनुपर्नेलगायत पाँचबुँदे माग राखी वैशाख १४ गतेदेखि रिले अनसन बस्दै आएका शिक्षकले चरणबद्ध आन्दोलन गर्दै आएका छन् । काठमाडौँको माइतीघरबाट बानेश्वरसम्म जुलुस निकालेर शिक्षकहरूले सभा आयोजना गरेका थिए । जुलुसले निषेधित क्षेत्र तोड्न खोजेको भन्दै प्रहरीले बल प्रयोग गर्दा केही शिक्षकहरू घाइते भएका थिए ।

कविता

## जीवन लक्ष्य

**– कार्ल मार्क्स**

कठिनाइहरूदेखि रुने जीवन
मेरा लागि होइन
होइन, मेरो आँधीजस्तो मनलाई
यो स्वीकार्य छैन ।
मलाई त एउटा महान् र उँचो लक्ष्य चाहिन्छ
त्यसका लागि आजीवन सङ्घर्षको अटुट
सिलसिला चाहिन्छ ।
ए कला तँ खोल्
मानवताको नासो
आफ्नो अमूल्य भण्डारको ढोका
मेरा लागि खोल् ।
आफ्नो ज्ञान र संवेगहरूको आलिङ्गनमा
सम्पूर्ण विश्वलाई बेर्दछु म
आऊ
हामी कसैले नहिँडेको
कठिन सुदूर यात्रा गरौँ ।
आऊ
किनभने लाजमर्दो, उद्देश्यहीन र लक्ष्यहीन जीवन
हामीलाई स्वीकार्य छैन ।
हामी उघ्रँदै उत्पीडन र लाचारीमा बाँच्दैनौँ
हामी आकाङ्क्षा, आक्रोश, आवेग र गर्वसाथ
साँच्चीको मानिस भएर जिउँछौँ ।
तँप्रति गम्भीर धोकासिवाय अरू केही हुँदैन !!

सहिद रचना

## प्यारो बन्दुक र म

- अञ्जान विरही

युद्धभूमिमा एउटा सेना म
बन्दुकसँग रमाउँछु
क्रान्तिको मीठो सङ्गीत बज्ने
प्यारो बन्दुक
नयाँ लय, सुर, ताल जन्माउँछ
जब यो बजाउन थाल्छु
भय सारा हटेर जान्छ
हूलका हूल क्रोध मेटिन्छ
‘शक्ति’ को मीठो विस्फोट
अहा, पर्दाभित्रको प्रतिभा
थिचाइमा पिल्सिएका अनुहारहरू
उद्वेलित भएको
प्रफुल्लित भएको देख्छु
तब- अङ्गमा उमङ्ग
रक्तरञ्जित रङ हुँदै दङ्ग
युद्धभूमिमा
त्यसैले म जीवनभर
बिछोड नहुने गरी प्रेममा फसेको छु
हरहमेसा काँधमा भिरेर हिँडेको छु ।
युद्धभूमिमा
जति-जतिपटक थिचिन्छ
मार्सल आर्टको म्युजिक गुनगुनाउँछ
म नाच्ने गर्छु
म नाच्दा शरीर नाच्छ
शरीर नाच्दा स्फूर्ति पाउँछु
र कदम बढाउँछु लेफ्ट-राइटको
ड्रमसेटको तालजस्तै लाग्छ
‘ड्याङ-ड्याङ’
‘ढ्याम-ढ्याम...’
कालो नियतका कालेहरू
थर्थर काँप्दै हटिरहेछन् पछिपछि
प्रचण्ड आँधीबेहरीतुल्य ‘सन्तान’
बढिरहेछन् अघिअघि
त्यसैले जतिजतिखेरसम्म रहनेछु सामीप्यमा
उसको
म खेल्नेछु दुस्मनसँग
र देखाउनेछु साहसको चामत्कारिक खेल
जीवन बलिदान नभएको दिनसम्म ।
जब बस्तीबस्तीमा
आतङ्कको राज भयो
अनि जब गाउँहरू
जनताको रगतले रङ्गिए
ओहो ! मेरो दिलमा घाउ लाग्यो
घाउले मानवता ब्युँझाइदियो
कर्तव्य के हो, बताइदियो
सहन सकिनँ यो- पीडा वर्गबन्धुको
अनि स्पर्श गरेँ बन्दुकलाई
र जबसम्म म हुनेछु उसको साथ
ऊ हुनेछ मेरो साथ
विचार दिनेछु
शक्ति लिनेछु
यी दुईको संयोजन हुनेछ युद्धभूमिमा
त्यसैले हामी हौँ साथी जीवनभर
‘प्यारो बन्दुक र म’ ।

## नेकपाले देशैभरि ...

कुइँकेलहरू सुखानीमा सहिद भएको दिनलाई हामी सहिद सप्ताहरूका रूपमा मनाउँछौँ । सहिदहरूको आदर्श एउटा सपना देख्दै बलिदान गरे । झापा विद्रोहका सहिदहरूले नौलो जनवादको सपना देखेर सहिद भएका थिए भने जनयुद्धका नेता-कार्यकर्ता, सेना र जनताले नौलो जनवाद, वैज्ञानिक समाजवाद र आदर्शको सपना देख्दै सहिद भए । हामी बाँचेकाहरूले सँगै सहिद हुने साथीहरूसँग उभिएर गरेको प्रतिबद्धता, साथी सहिद हुँदा गरेको प्रतिबद्धता हो जो ढले पनि, जसले बलिदान गरे पनि, जो यो आन्दोलनमा भौतिक रूपले छुटे पनि बाँच्नेले सपना पूरा गर्नेछौँ, सहिदका सपना पूरा नभएसम्म हामी दृढतापूर्वक अघि बढ्नेछौँ र लक्ष्यसम्म पुगिछोड्नेछौँ । हामीले रगतले लतपतिएका सहिदका शरीरहरू अँगालो हालेर, सहिद परिवारलाई भेट्न जाँदा पनि हामीले भनेका छौँ तपाईंको परिवारको सदस्य गुमे पनि हामी पनि परिवारकै सदस्य हौँ । हामी एउटा विशाल समाजवादी परिवार, कम्युनिस्ट परिवार हौँ । हामी सहिदको सपना पूरा नभएसम्म लडिरहनेछौँ भन्ने हाम्रो प्रतिबद्धता हो । यो सहिद सप्ताहका अवसरमा हामी सहिद परिवारहरू, बेपत्ता परिवारहरूलाई भन्न चाहन्छौँ- केही मान्छेले सहिदलाई सत्तामा पुग्ने भऱ्याङ बनाए । उनीहरूले गरेका प्रतिबद्धता लत्याउँदा सहिद-बेपत्ता परिवारलाई ठूलो चोट पनि छ । धेरै ठूलो पीडा छ । तर हामी आफ्नो प्रतिबद्धता र सङ्कल्पबाट पछि हटेका छैनौँ । हामीलाई जनयुद्धमा जस्तै र त्योभन्दा पनि कैयौँ अप्ठ्यारो छ । त्यो तपाईंहरूले देख्नुभएको छ । तर हामी त्यो अप्ठ्यारोसँग जुधेका छौँ । त्यो कठिनाइको सामना गर्न हामी तयार भएका छौँ । हामीलाई साथ दिनुहोस्, तपाईंको सपना, तपाईंका आफन्तजनहरूको सपना छातीमा सजाएर, आँखामा सजाएर लड्दैछौँ । त्यसैले निराश हुनुपर्ने कुनै जरुरी छैन । सपना हामी पूरा गर्दछौँ । यो कुनै व्यक्तिगत महत्वाकाङ्क्षाको कुरा होइन । समाजलाई बदल्ने, हाम्रो सभ्यता निर्माण गर्ने महाअभियान हो । यसमा हामी एकताबद्ध भएर जाऔँ । तपाईंको घरआँगनमा हामी आइरहेका छौँ । हाम्रो विशेष आग्रह छ- अब सहिदको सपना पूरा गर्ने एउटा ऐतिहासिक जिम्मेवारी हाम्रो काँधमा आएको छ । यो अवसरमा सहिद-बेपत्ता परिवारलाई स्मरण गर्दछौँ र सहिद परिवारप्रति गहिरो समवेदना पनि छ । जनयुद्धको गौरवको इतिहासलाई एकीकृत जनक्रान्तिको कार्यभारसँग जोडेर एउटा नयाँ प्रतिबद्धतासँग जोड्नुछ र यो गौरवको इतिहासलाई विजयको इतिहाससँग जोड्नुपर्छ ।'

## प्रचण्ड र वैद्य छोडेर ...

त्यसैगरी २०५८ मा घोषित सिन्धुली जनसरकारका प्रमुख मुक्ति पहाडी, जिल्ला सदस्य रमेश चौहान, वडा प्रमुख राजन चौहान पनि नेकपा (क्रान्तिकारी माओवादी) परित्याग गरेर ने. क. पा. मा प्रवेश गरेका छन् ।

पार्टी प्रवेश तथा पूर्णकालीन कार्यकर्ता घोषणा कार्यक्रममा उनीहरू पार्टी प्रवेश गरेका हुन् । मुक्ति पहाडी, राजीव सुनुवार, उदय अछामी, कृष्ण श्रेष्ठ, भरत खड्का र कमला रानालाई पूर्णकालीन कार्यकर्ता घोषणा गरिएको छ । मुक्ति पहाडी २०५६ सालकै पूर्णकालीन कार्यकर्ता हुन् ।

गोलन्जरमा भएको उक्त कार्यक्रमको प्रमुख अथिति ने.क.पा. की पीबीएम तथा जनकपुर अभियानकी कमान्डर उमा भुजेल 'शिलु' ले क्रान्तिकारी ध्रुवीकरणमा आएका कार्यकर्ताहरूलाई स्वागत गरेकी थिइन् । उक्त कार्यक्रमको अध्यक्षता मौसम राई, सञ्चालन राजन बस्नेत, स्वागत गोपाल तामाङ र मन्तव्य दिनेश सारुले राखेका थिए । कार्यक्रममा राजीव सुनुवार, मुक्ति पहाडी र शङ्कर थापाले अनुभूति मन्तव्य राखेका थिए । त्यसैगरी फागुन १९ गते गोलन्जर १ सिमलटारमा भएको ध्रुवीकरण कार्यक्रममा वैद्य र प्रचण्ड समूहका सयौँ कार्यकर्ता ने.क.पा. मा प्रवेश गरेको खबर छ ।

## नेकपाका गुल्मी सेक्रेटरी खड्का गिरफ्तार

■ रातो खबर संवाददाता/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीका गुल्मी सेक्रेटरी खिमबहादुर खड्कालाई प्रहरीले आइतबार गिरफ्तार गरेको छ । उनलाई बाटोमा हिँड्दाहिँड्दै तम्घासबाट प्रहरीले गिरफ्तार गरेको नेकपा गुल्मीले जनाएको छ । नेकपाका गुल्मी जिल्ला इन्चार्ज पूर्णबहादुर सिंहले आइतबारै प्रेसविज्ञप्ति प्रकाशित गर्दै खड्कालाई अपहरण शैलीमा बिनाकारण गिरफ्तार गरेकोप्रति आपत्ति जनाएका छन् । नेता सिंहले बिनासर्त तत्काल रिहाइको माग गरेका छन् । उनले आफ्नो पार्टीका सेक्रेटरी खड्कालाई रिहा नगरे प्रतिरोध गर्ने चेतावनी पनि दिएका छन् ।

## मानवअधिकारसम्बन्धी ...

जनपक्षीय सरकारको अनुभूति गर्न पाइरहेको छैन भने जनताको सुरक्षाको सुनिश्चितता नभएको, अख्तियारमा बस्नेहरूले दिनदहाडै भ्रष्टाचार र अकूत सम्पत्ति कमाउँदासमेत सरकार चुप लागेर बसेकाले सरकार नै भ्रष्टाचारलाई प्रोत्साहन गर्न लागेको अनुभूति भएको बताएका छन् । राष्ट्रिय मानवअधिकार आयोगका सिफारिसहरू सरकारद्वारा पालना नभएको बताउँदै उनले भने, 'जनयुद्धका क्रममा भएका ज्यादतीका बारेमा सत्यतथ्य छानबिन गरी समाजमा मेलमिलापको वातावरण बनाउने, बेपत्ता योद्धाहरूको सार्वजनिक गर्ने, सहिद सम्मान, घाइते अपाङ्ग योद्धाको समस्या समाधान गर्ने विस्थापितका समस्या हल गर्ने, युद्धमा लगाइएका झूट्टा मुद्दाबाट मुक्त गर्ने र युद्धका क्रममा माओवादी आधारइलाकाहरूमा भएका जनताका कारोबारलाई नियमन गर्नेजस्ता विषयहरू जहाँको तहीँ भएको छ ।'

कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सल्लाहकार समितिका अध्यक्ष ईश्वरीप्रसाद दाहाल 'असारे काका' ले अहिले नेपालमा संसदीय र गैरसंसदीय प्रणाली कुन बाटो ठीक, कुन बेठीक भन्ने महान् बहस भइरहेको बताउँदै संसदीय बाटोबाट समृद्धि आउन नसक्ने प्रस्ट भएको बताए । उनले सडक नै तताउनुपर्ने हो कि भनेर डा. सुन्दरमणि दीक्षितले बताएजस्तै सडकमा जानुको विकल्प नभएको बताए ।

काकाले भने, 'केपी-प्रचण्डका बारेमा भन्दा पनि यो व्यवस्थाको विकल्पका बारेमा बहस गर्नुपर्छ । संसदीय व्यवस्था कुहिएको व्यवस्था हो । मार्क्सको भाषामा नरक जानका लागि पिचबाटो खने पनि ऊ त नरकमा नै जाने हो, स्वर्ग जाने बाटो खने पो स्वर्ग जान्छ । जाने बाटो खनेको छ नर्क ! नर्क जानलाई पिचबाटो खनेर कहीँ हुन्छ ? भनेझैँ संसदीय व्यवस्था नै नरकको बाटो भइसकेपछि त्यसबाट आशा गर्नु भनेको माथिबाट झरेपछि खाउँला भन्नेबाहेक अर्को केही होइन । त्यसकारण संसदीय व्यवस्थाको विकल्प वैज्ञानिक समाजवाद स्थापना गर्नुबाहेक अर्को विकल्प छैन ।'

नागरिक अगुवा डा. सुन्दरमणि दीक्षितले संसदीय बाटोबाट समृद्धि आउन नसक्ने प्रस्ट भएकाले अब सडक नै तताउनुपर्ने बताए ।

कार्यक्रममा हरि रोका, राष्ट्रिय मानवअधिकार आयोगकी सदस्य मोहना अन्सारी, प्रा. डा. सुरेन्द्र केसी, नरेन्द्रजङ्ग पिटर, भवानी खरेललगायत वक्ताले मानवअधिकार झनै उल्लङ्घन भइरहेकोप्रति चिन्ता व्यक्त गरे । उनीहरूले मानवअधिकार र सुशासन कार्यान्वयनका लागि सोच्ने बेला आएको बताए ।

## प्रहरी अपरेसन ...

गिरफ्तार गरेको छ । केराबारी गापालामिटारको छघरेबाट सलकपुरको सशस्त्र प्रहरीको टोली जङ्गल पसेको छ । उनीहरू कता गए भन्ने थाहा नभएको स्थानीयले बताएका छन् । कोसीमा सशस्त्रका ३ वटा २५-२५ जनाको टोलीले अपरेसन चलाइरहेको छ । नेकपाका पूर्वी कमान्ड इन्चार्ज अनिल 'विरही' ले "प्रहरी अपरेसन र ज्यादती नरोकिए त्यसको प्रतिकार गरिने र त्यसले देशलाई गृहयुद्धतिर धकेल्न सक्ने' चेतावनी दिएका छन् ।

## सामनाका कलाकार गिरफ्तार

■ रातो खबर संवाददाता/काठमाडौं

अखिल नेपाल जनसांस्कृतिक महासङ्घको केन्द्रीय टोली सामना सांस्कृतिक परिवारक कलाकार पल रावतलाई सशस्त्र प्रहरीले घेरा हालेर गिरफ्तार गरेको छ । रावतलाई ५०-६० जना सशस्त्र प्रहरीले घेरा हालेर गिरफ्तार गरेको घटनाप्रति अखिल नेपाल जनसांस्कृतिक महासङ्घले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

सफल नाटककार तथा उत्कृष्ट नृत्यकारसमेत रहेका रावतलाई गिरफ्तार गरी तेह्रथुम सदरमुकाम लगिएको अखिल नेपाल जनसांस्कृतिक महासङ्घले बताएको छ ।

नेपाल कम्युनिस्ट पार्टी निकट अखिल नेपाल जनसांस्कृतिक महासङ्घका महासचिव खेम थपलियाले बुधबार प्रेस विज्ञप्ति जारी गरि गिरफ्तार गरिएका आफ्ना कार्यकर्तालाई तत्काल बिनासर्त रिहा नगरे सशक्त प्रतिरोध गर्ने चेतावनी दिएका छन् ।

# सङ्घर्षकै मैदानमा श्रमिक महिला दिवस मनाउँदै क्रान्तिकारी महिला

**काठमाडौँ** : अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) ले आन्दोलनकै क्रममा श्रमिक महिला दिवस मनाउने भएको छ । सङ्गठनकी उपाध्यक्ष सम्झना घर्तीले एक विज्ञप्ति जारी गर्दै आन्दोलनकै रूपमा १०९ औँ श्रमिक महिला दिवस मनाउन आह्वान गरेकी छिन् ।

घर्तीले जारी गरेको अपिलमा भनिएको छ, 'नेपाली महिला मुक्ति आन्दोलनको क्रान्तिकारी इतिहास बोकेको हाम्रो गौरवशाली सङ्गठन यतिबेला महिलामाथि हुने हत्या, हिंसा र बलात्कारका विरुद्ध देशव्यापी अभियान चलाइरहेको छ । यही क्रममा सङ्गठनकी केन्द्रीय अध्यक्ष बन्धु चन्दलाई बिनाकारण गिरफ्तार गरी झूट्टा मुद्दामा केपी सरकारले फसाउन खोज्दैछ ।'

अपिलमा अगाडि भनिएको छ, 'महिला हत्या, हिंसा, बलात्कारका घटनाहरू दिनदिनैजस्तो भइरहेका छन् । निर्मला पन्तका बलात्कारी र हत्यारालाई सरकारले अझै पत्ता लगाउन सकेको छैन । संविधानले दिएको मौलिक अधिकार हनन गरेको छ । यस्तो राज्य र सरकारले महिलालाई न्याय र अधिकार दिनु त के महिलाको जीवनलाई वस्तुमा परिणत गरी मानवबजारमा बिक्री गरिरहेको छ । यसका विरुद्ध सङ्घर्ष गर्न सम्पूर्ण श्रमजीवी महिलाहरूमा हाम्रो सङ्गठन आह्वान गर्दछ ।'

उपाध्यक्ष घर्तीको अपिलको अन्त्यमा भनिएको छ, 'यसैगरी सङ्गठनले १०९ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस सङ्घर्षका रूपमा मनाउन लागिरहेको छ । हाम्रो कार्यक्रममा सहभागिताका लागि सम्पूर्ण देशभक्त, वामपन्थी महिला सङ्गठन, महिला अधिकारकर्मीहरूमा अपिल गर्दछौँ ।'

सङ्घले फागुन २२ गते जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाउने, फागुन २३ गते कोणसभा गर्ने र २४ गते अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस सभा आयोजना गरी मनाउने निर्णय गरेको जानकारी उपाध्यक्ष घर्तीले दिएकी छिन् ।

# पत्रकार महासङ्घ अब प्रत्यक्ष निर्वाचनप्रणालीमा

काठमाडौँ

पत्रकारको छाता सङ्गठन नेपाल पत्रकार महासङ्घको पोखरामा सम्पन्न केन्द्रीय साधारणसभा र विधान अधिवेशनले नेतृत्व प्रत्यक्ष निर्वाचन प्रणालीबाट चयन गर्ने व्यवस्था सुनिश्चित गरेको छ । फागुन ९ र १० गते आयोजित साधारणसभाले केन्द्र, प्रदेश र जिल्ला शाखाको नेतृत्व प्रत्यक्ष निर्वाचित गर्ने गरी सर्वसम्मत विधान संशोधन गरेको हो ।

पोखरा सभागृहमा भएको बन्दसत्रले गरेको प्रस्तावमा सबै पत्रकारले सहमति जनाएपछि सर्वसम्मतले पास गरेको जानकारी महासङ्घका केन्द्रीय सदस्य जन्मदेव जैसीले दिए । महासङ्घ प्रत्यक्ष निर्वाचन प्रणालीमा गएसँगै आगामी दिनमा केन्द्र, प्रदेश र जिल्ला शाखाको निर्वाचन अब एकै दिन हुने भएको छ । महासङ्घमा एक महिला उपाध्यक्ष र एक महिला सदस्य थप्ने निर्णय पनि गरिएको छ । पत्रकार महासङ्घ अब ४९ सदस्यीय हुने भएको छ ।

पूर्ण प्रेस स्वतन्त्रताको सुनिश्चितता गर्नेसहितको १७ बुँदे पोखरा घोषणापत्रमा नेपालको संविधानमा उल्लेख भएको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पूर्ण प्रत्याभूति र नेपाल पक्ष राष्ट्र रहेको अन्तर्राष्ट्रिय व्यवस्थाअनुसार कानुन निर्माण गर्न तीनै तहका सरकारसँग माग गर्दै प्रेस स्वतन्त्रता सङ्कुचित पार्ने कुनै पनि किसिमका नीति, ऐन, कानुन, नियमावली र निर्देशिका जारी नगर्न माग गरिएको छ । गत भदौ १ गतेदेखि कार्यान्वयनमा आएको मलुकी देवानी तथा फौजदारी संहिता कार्यान्वयनका सम्बन्धमा गठित कार्यदलको सुझावअनुसार पूर्ण प्रेस स्वतन्त्रतासहित छुट्टै कानुन यथाशीघ्र निर्माण गर्न माग गरिएको छ । लामो समयदेखि लोककल्याणकारी विज्ञापन वृद्धि नभएकाले यसलाई दोब्बर बनाउन आग्रह गरिएको छ । त्यस्तै प्रेस पासको वितरण जिल्ला स्तरबाटै गर्न, सञ्चारमाध्यमको वर्गीकरण प्रदेशस्तरबाट गर्न, सामुदायिक तथा निजी क्षेत्रबाट सञ्चालित स्थानीय साना लगानीसँगै स्वरोजगारमूलक मिडिया प्रवर्द्धन गर्न स्थानीय तहका विज्ञापन स्थानीय सञ्चारमाध्यमलाई प्रदान गर्न र समानुपातिक विज्ञापनप्रणाली लागू गर्न माग गरिएको छ ।

नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ । यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्ट्याएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं । खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।

ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ । ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं ।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं । साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं ।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं । र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं ।

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।
उपभोक्ताको हितमा
नेपाल आयल निगम लिमिटेड

नेपाल आयल निगम
नेपाल आयल निगम लिमिटेड,
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५

छिटो, छरितो, भरपर्दो, सरल

सस्तो दरमा डकुमेण्ट, पार्सल तथा कार्गो नेपालको हरेक ठाउँमा पठाउनु परेमा यती एअरलाइन्समा सम्पर्क गर्नुहोला ।



सम्पर्क: ०१ ४४८६१५७, ०१ ४४६५८८८ Ext. १०४, ११८,


Yeti Airlines
You come first
www.yetiairlines.com

Yeti Airlines operates 7 Jetstream-41 advanced turbo prop aircrafts catering to widest network sectors every day.

Yeti Airlines Domestic Pvt. Ltd. Corporate Office: Tilganga, Kathmandu, Tel: 4465888 Fax: 4465115 Reservations: 4464878 (Hunting Line), Kathmandu Airport: 4493901 Email: reservations@yetiairlines.com •Bhadrapur: 023-455232•Biratnagar: 021-536612•Tumlingtar: 029-575120•Janakpur: 041-520047•Bharatpur: 056-523136•Pokhara: 061-464888•Bhairahawa: 071-527527•Nepalgunj: 081-526556•Dhangadi: 091-520004
For any service suggestions, call 977-1-4465888 (Ext. 621) or email us at feedback@yetiairlines.com

नियमित

# सबैतिरका खराबीविरुद्ध लडौँ




प्रकाश मल्ल

सूचना र प्रविधिको पनि कति चाँडो विकास भयो, कसैले मनमा केही सोच्नै नहुने। फ्याट्ट सामाजिक सञ्जालमा आइहाल्ने। सहयोद्धा पनि त्यहीँ, अग्रज पनि त्यहीँ, शुभचिन्तकहरू पनि अनुयायीहरू पनि सबै त्यहीँ। हैन, कस्तो ग्लोबलाइजेसन हो कसैले धेरै मेहनत लगाएर लुकाउन खोज्छ, त्यो नै बजारमा आइपुग्छ। के सारो अचम्म हो। हरेक चीज वा वस्तु जान्न-बुझ्न सकिन्छ भन्ने कुरा यहाँ पनि प्रमाणित भएको छ। भ्रष्टाचार, सम्पत्ति लुकाउनु, नातावाद कृपावाद, आफूले सोचेको जस्तो गर्दै जानू, यो पनि यहाँ पुष्टि भएको जस्तो लाग्छ। यसमा कथित फासिवादी संसद्वादीहरू र खोल ओढेका, आडम्बर बोकेका क्रान्तिकारीहरूमा के फरक छ ? फरक नभएर त हामी मालेमावादको विकसित रूप नयाँ विज्ञानसहित पार्टी पुनर्गठन गरेर यहाँसम्म आइपुगेका छौँ।

२१ औँ शताब्दीमा नेपालबाट विश्व कम्युनिस्ट आन्दोलनका क्षेत्रमा जुन नयाँ विज्ञानको आविष्कार भएको छ यसलाई अक्षरशः सबैले पालना गरौँ, आत्मसाथ गरौँ, लागू गरौँ। विज्ञानको व्यावहारिक पुष्टि गरौँ। त्यो विज्ञान भनेको एकीकृत जनक्रान्ति हो। यसको माध्यमबाट चौथो अन्तर्राष्ट्रिय गठनमा मेहनत गरौँ। आवश्यकता आजको यो हो। क्रान्तिकारीहरूले यसलाई मागिखाने भाँडो नबनाऊँ, यो कुरा कहिले बुझ्ने ? क्रान्तिकारीहरूले नयाँ विचार विज्ञान निर्माण गर्नुहुने महान् गुरु र साथ दिने अग्रजहरूलाई हृदयदेखि नै क्रान्तिकारी नमन गर्दछु। फरक पार्टी बनाएपछि स्वार्थपूर्ति गर्न पाइन्छ भन्ने सोचाइ कसैमा छ भने योजस्तो घटिया, निम्नपुँजीवादी सोचाइभन्दा अरू केही हुन सक्दैन। लगनशील, मेहनती, क्षमता भएर मात्र केही हुँदैन, मुख्य कुरा कम्युनिस्ट बन्ने हो। यहाँ कम्युनिस्ट समाज निर्माण गर्ने कुरा हो। तिम्रा हलन्ते प्रवृत्तिले कसरी सम्भव छ यो कुरा ? मुख्य कुरा कम्युनिस्ट दृष्टिकोण नबनेसम्म हामी कम्युनिस्ट बन्न सक्दैनौँ। वीरता र बलिदानको भावना हुनुका साथै सच्चा कम्युनिस्टमा चाहिने मूल चीज विश्वदृष्टिकोण हो। यति ठूलो बलिदान र सङ्घर्षको इतिहास क्रान्तिकालबाट सङ्घर्ष गर्दै आएकाहरू कयौँमा त सर्वहारा विश्वदृष्टिकोण बनेको देखिँदैन प्रचण्डहरूजस्तै र प्रचण्डका प्युठहरू जस्तै देखिन्छन्। अभिजात वर्गको जन्म होलाजस्तो देखिने पार्टी र सङ्गठन नै कब्जा गर्न खोज्ने प्रवृत्ति देखापर्नु राजनीतिक, वैचारिक, सैद्धान्तिक भेग र क्षेत्रभन्दा पनि जातीयतामा जालाजस्तो गल्ती देखा पर्न गइरहेको छ। व्यक्ति केन्द्रित सबै होलाजस्तो। विचार र प्रविधिका हिसाबले २१ औँ शताब्दीमा भए पनि कतिपयका खराब चिन्तनका हिसाबले आदिम समाजभन्दा पनि पर भएको जस्तो भान हुने। आदिम समाजमा जीवन जिउनका लागि सामूहिकता हुन्थ्यो भन्ने देखिन्छ। त्यतिबेला खाद्यान्न, जङ्गली फलफूल कुहिने हुनाले भण्डार गर्न गाह्रो थियो। यहाँ त जति जम्मा गरे पनि हुने शीतगृहहरू छँदैछन्। सड्ने र गल्ने डर छैन। कथित संसदीय व्यवस्था यसको ज्वलन्त उदाहरण हो सबै हिसाबले। त्यसकारण यो जताको भए पनि खराब चिन्तन र त्यसको उपज सबै चीजको अन्यका लागि जस्तोसुकै पनि सङ्घर्ष गर्ने वैज्ञानिक क्रान्तिकारी युवाहरू एक ढिक्का होऔँ एकीकृत जनक्रान्तिको बाटोमा। लि यु हो भन्नुहुन्छ- क्रान्तिकारी पृथिवीमा कुनै कुरासँग पनि डराउँदैनन्। उनीहरू सधैँ अगाडि बढिरहन्छन्। एकीकृत जनक्रान्तिका महान् यात्री क्रान्तिकारी युवाहरूको पङ्क्तिले यो भनाइलाई आत्मसाथ गरौँ। आन्तरिक पार्टीभित्र भएका सम्पूर्ण खराबीका विरुद्ध सङ्घर्ष गरौँ र ठीक ठाउँमा ल्याउन सचेत प्रयत्न गरौँ। क्रान्तिकारी सचेत आलोचनात्मक चेत हुनु आजका युवाहरूको आवश्यकता पनि हो। पुँजीवादिहरूको सोचाइको सार मलाई कति फाइदा हुन्छ भन्ने हो भने कम्युनिस्टको सोचाइ मैले समाज, देश, क्रान्तिलाई कति योगदान दिन सक्छु भन्ने हो। निम्नपुँजीवादी सोचाइ वा पुँजीवादी सोचाइविरुद्ध व्यापक चिन्तनगत सङ्घर्ष गर्नु आजको आवश्यकता हो। यसले पार्टीमा आजको विकसित विज्ञानको विकसित वैज्ञानिक क्रान्तिकारी स्कुलिङको माग गरेको छ। स्कुलिङको आवश्यकता महसुस भएको विषय भनेको यहाँ व्यक्ति वा पार्टी कसलाई प्रमुख ठान्ने ? हामीले पार्टीलाई सही ढङ्गले अगाडि बढाउनु छ भने दृष्टिकोण र मान्यता प्रमुखतामा राखेर काम गर्नुपर्छ। यसका लागि सचेत पहल गरौँ क्रान्तिकारि युवाहरूले। यसलाई टाढाको विषय नबनाऔँ। समयमै पहल गरौँ निम्नपुँजीवादी सोचाइलाई समयमा नै नियन्त्रण गर्न सकिएन भने त्यसले पार्टीको क्रान्तिकारी चरित्रलाई समाप्त पार्ने खतरा बढ्छ। पार्टीमा निम्न पुँजीवादी प्रवृत्ति बढ्दै गयो भने अराजकता बढ्छ। खराब प्रवृत्ति र सोचाइले गाँज्छ। यसले आफ्नो तरिकाले पार्टी हिँडाउन खोज्छ। त्यही बीचबाट व्यक्तिगत फाइदा पनि खोज्छ। पार्टीभित्र खराब प्रवृत्तिलाई मौलाउने अवसर प्रदान नगरौँ। ज्वारभाटाका विरुद्ध जानु नै मार्क्सवादी लेनिनवादी सिद्धान्त हो भनी कमरेड माओले भन्नुभएको छ।

आजको आवश्यकता, आजको विकल्प, आजको विज्ञान भनेको एकीकृत जनक्रान्ति र वैज्ञानिक समाजवाद हो। यसलाई स्थापना गर्ने दुनियाँका कुनै पनि तानाशाहको तागतले रोक्न सक्दैन। हाम्रै मेहनतले यो सम्भव छ। मार्क्सले भन्नुभएजस्तै आजसम्मको इतिहास भनेको वर्गसङ्घर्षको इतिहास हो। यहाँ हाम्रा हजारौँ राम्रा कामको प्रशंसा कसैले गर्दैन। दुनियाँ हाम्रो एउटा गल्तीको खोजीमा लागिरहेको छ। यो संसदीय व्यवस्थाको उत्तम अभ्यास हो। यो गलत अभ्यासलाई क्रान्तिकारी युवाहरूले सचेत प्रयत्नका साथ दरिलो प्रतिरोधले ध्वंस गरौँ।

प्रकृतिको नियम नै हो जुन रूखमा मीठो फल लाग्छ त्यही रूखमा अधिक ढुङ्गा प्रहार हुन्छ। अहिले संसद्वादीहरूले हाम्रो एकीकृत जनक्रान्तिको लटरम्म फलेको रूखमा चौतर्फी प्रहार गरिरहेका छन्। यो प्रहारले हाम्रो एउटा पात पनि खस्नेछैन।




# सरकार दमनमा उत्रिए त्यसको प्रतिरोध हुन्छ : वीरजङ्ग



■ रातो खबर संवाददाता/

नेपाल कम्युनिस्ट पार्टी लुम्बिनी ब्युरोका सदस्य एवम् गुल्मी जिल्ला सेक्रेटरी खिम खड्कालाई सरकारले बिनाकारण गिरफ्तार गरेको भन्दै नेकपा लुम्बिनी ब्युरोले घोर निन्दा र भर्त्सना गर्दै तत्काल रिहा गर्न माग गरेको छ। लुम्बिनी ब्युरो इन्चार्ज वीरजङ्गले प्रेसविज्ञप्ति जारी गर्दै गिरफ्तार गरिएका खड्कालाई तत्काल रिहा गर्न माग गरेका हुन्।

ब्युरो इन्चार्ज वीरजङ्गद्वारा जारी प्रेसविज्ञप्तिमा भनिएको छ, 'हाम्रो महान् तथा गौरवशाली पार्टी नेपाल कम्युनिस्ट पार्टीले दुईमहिने सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान सञ्चालन गरिरहेको अवगत नै छ। पार्टीको अभियान तथा साङ्गठनिक कामको सिलसिलामा २०७५ फागुन १९ गते दिउँसो ओली-प्रचण्ड नेतृत्वको सामाजिक दलाल पुँजीवादी सरकारले हाम्रो पार्टीका लुम्बिनी ब्युरो सदस्य एवम् गुल्मी जिल्ला सेक्रेटरी कमरेड खिम खड्कालाई तम्घासबाट बिनाकारण गिरफ्तार गरेको छ। हाम्रा नेता-कार्यकर्ताको गिरफ्तारीले राजनीतिक स्वतन्त्रताको स्वर उराल्ने पुँजीवादी संसदीय व्यवस्थाको दमनकारी, जनघाती चरित्रलाई उदाङ्गो पारेको छ।'

विज्ञप्तिमा कम्युनिस्ट नामबाट सरकारमा पुगेको ओली-प्रचण्डको पाखण्डी एवम् दमनकारी चरित्र नाङ्गो भएको उल्लेख छ। विज्ञप्तिमा लेखिएको छ, 'हाम्रो पार्टी यो गिरफ्तारीको घोर निन्दा एवम् भर्त्सना गदै तत्काल रिहाइका लागि अपिल गर्दछ। बिनासर्त तत्काल रिहा नगरिए कडा सङ्घर्षमा उत्रिने चेतावनी दिन्छौँ। त्यसबाट उत्पन्न हुने परिणामको जिम्मेवारी ओली-प्रचण्ड सरकार हुने जानकारी पनि दिन चाहन्छौँ।'

नेकपाले सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान सञ्चालन गरिरहेको बेलामा सेक्रेटरी खड्कालाई प्रहरीले तम्घासबाट गिरफ्तार गरेको बताइएको छ।

# मलाई झूट्टा मुद्दा लगाएर फसाउन खोजियो : सूर्य भुजेल




■ जन्मदेव जैसी

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टीका युवा नेता सूर्य भुजेलले आफूलाई सरकारले झूट्टा मुद्दा लगाएर फसाउन खोजेको बताएका छन्। एनसेलमा घटना भएको बेला आफू बनेपामा आफन्तको घरमा बसिरहेको बताएको र प्रहरी आफैँले बुझ्दा बनेपामा भएको पुष्टि भए पनि जबर्जस्ती झूट्टा आरोप लगाएको उनले बताए।

ललितपुरस्थित जिल्ला अदालत प्राङ्गणमा आफन्त र पत्रकारसँग कुरा गर्दै उनले प्रश्न गरे, 'बिनाप्रमाण जबर्जस्ती मुद्दा लगाउने काम भइरहेको छ। घटना भएको बेला म बनेपामा भएको प्रहरीले आन्तरिक रूपमा बुझ्दा पनि पुष्टि भएको छ। फेरि मलाई किन कर्तव्य ज्यान र बम बिस्फोट मुद्दा लगाएको ?'

पक्राउ परेकै दिन आफूलाई चरम यातना दिएर जबर्जस्ती स्वीकार गर्न लगाउने षड्यन्त्र गरे पनि आफू घटनामा संलग्न नभएकाले कुनै हालतमा स्वीकार नगरेको उनले बताए। आफन्तको बिहेमा सहभागी भइरहेका बेला भुजेललाई फागुन १४ गते एसपीको नेतृत्वमा करिब चार दर्जन सादा पोसाकका प्रहरीले घेरा हाली अपहरणशैलीमा पक्रेको थियो। 'पेस्तोल देखाएर करिब चार दर्जन प्रहरीले बिहेमा आएका सर्वसाधारणलाई समेत आतङ्कित पार्दै मलाई पक्राउ गरे', उनले भने, 'त्यसपछि सिंहदरबार प्रहरी कार्यालयमा ममाथि कुटपिट भयो। मैले म निर्दोष सामान्य कार्यकर्ता हुँ भन्दाभन्दै पनि कुटियो।'

भुजेललाई मङ्गलबार जिल्ला अदालत ललितपुरले ८ दिन म्याद थपेको छ।

# कन्सल्टेन्सीका कारण अस्ट्रेलियामा नेपाली विद्यार्थी अलपत्र

■ जीपी चौलागाईं/काठमाडौँ

नेपालका नाम चलेका केही कन्सल्टेन्सीहरूले नेपाली विद्यार्थीलाई अस्ट्रेलियामा पुऱ्याएर बिचल्लीमा पारेका छन्। अस्ट्रेलियामा रहेको एआईबीटी कलेजको नर्सिङ सङ्कायको सम्बन्धन स्वीकृत नहुँदै कमिसनको लोभमा डिप्लोमा शिक्षा सकेर प्रमाणपत्र लिने अवस्थामा रहेका नेपाली विद्यार्थीको भविष्य अन्योलमा परिरहँदासमेत नेपालको शिक्षा मन्त्रालय र शैक्षिक परामर्शदाता सङ्गठन एकअर्कामा आरोप-प्रत्यारोप गरी पन्छिन खोजिरहेका छन्।

कन्सल्टेन्सीको बदमासीका कारण नर्सिङ शिक्षा पढ्न गएका नेपाली विद्यार्थीहरू बिचल्लीमा परेको खबर सार्वजनिक भएसँगै लुटेरा कन्सल्टेन्सीहरूले करोडौँ रकम लिएको रहस्य बाहिर आएको हो।

यी हुन् नेपाली विद्यार्थीलाई ठग्ने कन्सन्टेल्सी

सञ्जीव शर्मा प्रमुख रहेको एक्सपर्ट भिसा एन्ड एजुकेसनले १५० भन्दा धेरै विद्यार्थी उक्त एआईबीटी कलेजमा पठाएको बुझिएको छ। त्यस्तै महेशबाबु तिमल्सिना मालिक रहेको कङ्गारु एजुकेसन एन्ड फाउन्डेसनबाट गएका एक दर्जनभन्दा बढी विद्यार्थी बिचल्ली पारेको पाइन्छ। त्यसैगरी विद्यार्थीलाई एआईबीटी पठाउने कन्सल्टेन्सीहरूमा काठमाडौँ इन्फोसिस, इम्पल्स, सनराइज कन्सन्टेल्सी, पोखराको एड्मार्क कन्सन्टेल्सी, मोडल ग्लोबल, एबीसी माइग्रेसन एन्ड एजुकेसन, मार्सी एजुकेसन, वेभ प्रमिस सर्भिस, अल्फाबिटा एजुकेसनलगायत कन्सन्टेल्सीहरूले बढी कमिसन आउने लोभमा परेर नेपाली विद्यार्थीलाई एआईबीटी पठाउँदा समस्या आएको हो।

अस्ट्रेलियामा अध्ययनरत नेपाली विद्यार्थीलाई अकोे कलेज ट्रान्सफर गर्दा विश्वविद्यालयले राम्रो कमिसन दिने भएकाले नेपाली कन्सल्टेल्सीहरूले डिप्लोमा कोर्समा बढी विद्यार्थी पठाउने र पछि युनिभर्सिटीमा ट्रान्सफर गर्ने गरेको जानकारहरू बताउँछन्।

विद्यार्थी बिचल्ली पार्ने कन्सल्टेन्सी प्रायः सबै सतारूढ दल नजिकका

अस्ट्रेलियामा एआईबीटी कलेजमा १२ सयभन्दा बढी नर्सिङका विद्यार्थीलाई बिचल्ली पार्नेहरू प्रायः सतारूढ दल निकट नेकपा सम्बन्धित रहेको प्रमाण फेलापरेको छ। इक्यानका अध्यक्षसमेत रहेको रोयल एजुकेसन फाउन्डेसनका मालिक विष्णुहरि पाण्डे नै सतारूढ दल नेकपाको जिम्मेवार नेता भएको खुलेको छ।

तर पाण्डेको दाबी भने भिन्नै छ। उनी भन्छन्, 'समस्या अस्ट्रेलियन सरकार को नै हो।' पाण्डेले विद्यार्थी विचलित पर्नुमा परामर्शदाता र शिक्षा मन्त्रालयको कुनै गल्ती नभएको र यस्तो समस्या आउनुमा अस्ट्रेलिया सरकारको नै गल्ती भएको दाबी गरे। उनले भने, 'यो घटनाबाट हामी सम्पूर्ण परामर्शदाता सचेत भएका छौँ। जिम्मेवारी लिन्छौँ। कुनै पनि विद्यार्थीलाई बिचल्ली हुन दिँदैनौँ। सम्पूर्ण विद्यार्थीलाई उचित व्यवस्थापन गरेर पठनपाठनको व्यवस्था मिलाउँदैछौँ। आत्तिहाल्नुपर्ने अवस्था छैन। कलेजसँग मेरो प्रत्यक्ष कुराकानी भइरहेको छ। सातादस दिनभित्रमा समस्या समाधान हुन्छ। विद्यार्थी र अभिभावकलाई सम्पर्कमा आउन अनुरोध गरेका छौँ।'

नेपाल सरकारको नियमनकारी निकाय शिक्षा मन्त्रालयले कुन देशमा ? कति सङ्ख्या ? कुन विश्वविद्यालयमा ? कुन कोर्समा र कति लागतमा भन्ने विषयको आँकडासमेत नराखी 'नो अब्जेक्सन लेटर' दिने गरेका कारण उक्त समस्या आएको जानकारहरूले बताउने गरेका छन्।






निर्देशक : **गुणराज लोहनी**, प्रवन्ध निर्देशक : **भिमप्रसाद चापागाईं**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ